पश्चिमाहरूले 'पाखण्ड' देखाएको फिफा अध्यक्षको आरोप | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २५ • अंक १७६ • २०७९ साल मंसिर ५ गते सोमबार (21 November, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-


## मधेश प्रदेशमा ६० प्रतिशत बढी मतदान

# सत्तारुढ गठबन्धनको अग्रता, राउत पछाडिने

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधी र प्रदेश सभाको आइतवार सम्पन्न मतदानमा मधेश प्रदेशमा ६२ प्रतिशत भन्दा बढी मतदान भएको निर्वाचन कार्यालय मधेश प्रदेशले जनाएको छ।

मतदानको क्रममा रौतहट र सिरहा जिल्लामा मतदान स्थललाई सुरक्षित राख्न प्रहरीले ७ राउण्ड हवाईफायर गरेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

मतदानको क्रममा केही केन्द्रमा समान्य विवाद भएर मतदान स्थगित भएपनि तुरुन्तै समस्या समाधानगरी मतदान सुचारु गरिएको निर्वाचन कार्यालयले जनाएको छ।

मधेश प्रदेशका ८ वटै जिल्लामा ६२ प्रतिशत भन्दा बढी मतदान भएको र मतपेटिकाहरु मतगणना स्थलमा पुर्‍याइएको मधेश प्रदेश निर्वाचन कार्यालय जनकपुरधामले जनाएको छ।

पर्साका जिल्ला निर्वाचन अधिकृत विनोद पोखरेलले जनाए अनुसार ६९ प्रतीशत मतदान भएको छ ।मतदानको क्रममा कुनै प्रकारको अव्यवस्था नदेखिएको उनले बताए ।पर्साको १ मा जसपाका प्रदीप यादव जित्ने बताइएपनि सो क्षेत्रमा प्रदेशका उम्मेदवार मुख्यमन्त्री लालबाबु राउतको अवस्था कमजोर रहेको अनुमान गरिएकोछ। क्षेत्र नम्बर २ र ३ मा कांग्रेस र ४ मा एमालेको पक्षमा जान सक्ने अनुमान गरिएकोछ।

त्यसैगरी बारा जिल्लामा ६६ दशमलव ८६ प्रतीशत मतदान भएको निर्वाचन अधिकारी सरोज चौधरीले जनाए। समग्रमा मतदान शान्तिपूर्ण ढंगले सम्पन्न भएको बताए। क्षेत्र नम्बर १ मा उमाकान्त चौधरी, २ मा स्वतन्त्र उम्मेदवार राजेश यादव, ३ मा जसपाका रामबाबु र ४ मा एमालेका उम्मेदवारको पक्षमा जनमत गएको अनुमान गरिएकोछ।

रौतहटमा भने ६५ प्रतिशत भन्दा बढी मतदान भएको निर्वाचन अधिकारी छोटेलाल दासले बताए। रौतहट जिल्लाको गरुडा नगरपालिका र गुजरा नगरपालिकामा सुरक्षाकर्मीहरुले हवाई फायर गरेका थिए। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार मतदान केन्द्र बाहिर विवादगरी मतदान स्थलमा प्रवेश गर्न खोज्ने भीडलाई रोक्न गुजरामा हवाईफायर गरिएको थियो । दुई स्थानमा बाहिर तनाव देखिए पनि मतदानमा कुनै बाधा नभएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल क्षेत्र नम्बर १ बाट र स्वतन्त्र उम्मेदवार प्रभु साह क्षेत्र नम्बर ३ बाट जित्न सक्ने संभावना छ।

त्यसैगरी सर्लाहीमा ६२ प्रतीशत मतदान भएको निर्वाचन अधिकारी दिवाकर भुजेलले बताए। गत राती गोली चलेको सर्लाही जिल्लामा आइतवार मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको बताइएको छ। भुजेलका अनुसार मतदानको क्रममा कुनै प्रकारको विवाद भएन् । राती सम्म सबै मतपेटिकाहरुलाई मतगणना स्थलमा पुर्‍याइसकिएको उनले जनाए। क्षेत्र नम्बर २ मा माओवादीका महेन्द्र यादव र ४ मा स्वतन्त्र उम्मेदवार अमरेश सिंहले बाजी मार्ने संभावना छ।

महोत्तरी जिल्लामा ६२ दशमलव ६४ प्रतीशत मत खसेको निर्वाचन कार्यालय महोत्तरीका प्रमुख निर्वाचन अधिकारी सुबोध कुमार महतोले जनाए। महोत्तरीमा अपेक्षाकृत मतदान शान्तिपूर्ण ढंगले सम्पन्न भएको उनले बताए। महोत्तरीको क्षेत्र नम्बर २ मा शरतसिंह, ३ मा महन्थ ठाकुर र १ मा लक्ष्मी महतो एमालेले जीत हात पार्न सक्ने बताइएको छ।

त्यसैगरी धनुषामा ६२ प्रतीशत मतदान भएको जिल्ला निर्वाचन अधिकृत श्रीधर पन्थीले बताए । कमलानगर पालिकामा मतदानको क्रममा विवाद भएपछि केहि बेर मतदान अबरुद्ध भएको थियो ।तर सहमतिपछि मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको उनले बताए। धनुषाको ३ मा जुली महतो र ४ मा नेपाली कांग्रेसका महेन्द्र यादवको जित्ने पक्का रहेको छ। १ र २ मा स्थिति अझै प्रष्ट भइसकेको छैन्।

त्यस्तै सप्तरीका निर्वाचन अधिकृत रमेश कुमार जोशीका अनुसार ६२ प्रतीशत मत खसेको छ। सप्तरी जिल्लाको सहरी भन्दा ग्रामिण भेगमा मतदानको प्रतिशत उच्च रहेको उनले बताए।

सिरहामा भने ६६ दशमलव ६७ प्रतीशत मत खसेको जिल्ला निर्वाचन अधिकृत ईन्दिरा यादवले बताईन्। सिरहाको कर्जन्हा बाहेक अन्य सबै मतदान केन्द्रमा शान्तिपूर्ण मत खसेको उनले बताइन्। सिरहाको क्षेत्र नम्बर २ मा जसपाका राजकिशोर यादवको जित निश्चित रहेको छ।

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सीके राउतको भविष्य निर्धारण हुने सप्तरी जिल्लामा बजार क्षेत्रको भन्दा ग्रामिण भेगमा नै बढी मतदान भएको बताइएको छ ।मतदान सम्पन्न भएपछिको आकलन अनुसार सप्तरी २ मा जनमतका अध्यक्ष सीके राउत भन्दा जसपा अध्यक्ष यादवको स्थिति बलियो रहेको छ।

मधेश प्रदेशमा जम्मा ३३ लाख ८६ हजार ६२८ मतदाता रहेका छन्। प्रदेशका ३२ प्रतिनिधिसभा तथा ६४ प्रदेशसभा निर्वाचन क्षेत्रका लागि मंसिर ४ गते हुन लागेको निर्वाचनमा १८ लाख २७ हजार ८ सय ५४ पुरुष, १५ लाख ५८ हजार ७४ महिला र ७० जना अन्य मतदाता छन्। ३२ प्रतिनिधि सभा र ६४ प्रदेश सभा सदस्यका लागि मधेश प्रदेशमा मतदान भएको हो।

मधेस प्रदेशभरी निर्वाचनलाई लक्षित गरेर ३३ हजार ८ सय ८० जना कर्मचारी खटाइएको निर्वाचन कार्यालय मधेश प्रदेशले जनाएको छ । प्रदेशमा २ हजार १ सय ५६ मतदान स्थल र ४ हजार २ सय ३५ मतदान केन्द्र निर्धारण गरिएको थियो।


भर्ना खुल्यो ! भर्ना खुल्यो !!

प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो।

विशेषताहरू :

१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ मंसिर ८ गते सम्म

विस्तृत जानकारीका लागि

NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(अमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851







# शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएकामा सबैलाई धन्यवाद : प्रम देउवा

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन शान्तिपूर्ण एवं भयरहित वातावरणमा निष्पक्ष, धाँधलीरहित र उत्साहपूर्ण रूपमा सम्पन्न भएकोमा पार्टीका तर्फबाट सबैलाई धन्यवाद दिनुभएको छ।

सभापति देउवाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि आज सम्पन्न मतदानमा देशभर अत्यन्त उत्साहपूर्ण रूपमा मतदान भएको उल्लेख गर्नुभएको छ । संविधानसभाबाट संविधान जारी भएपछिका दिनमा संविधानको रक्षा र लोकतान्त्रिक पद्धतिको विकासका लागि आम नेपालीले जिम्मेवारीपूर्वक आफ्ना भूमिका निर्वाह गर्दै आएका छन् ।

यो आम निर्वाचनमा नेपाली जनताले आफ्नो नागरिक अधिकारको प्रयोग गरिरहँदा दशकौँदेखिको लोकतन्त्रप्रतिको साधना र समर्पण फेरि एकपटक उजागर भएको सभापति देउवाले बताउनुभएको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । मतदानमा भएको यो उत्साहपूर्ण सहभागिताले नेपाली नागरिकका मनमा रहेको लोकतन्त्रप्रतिको अगाध र अविचलित आस्था अभिव्यक्त भएको सभापति देउवाको भनाइ छ।

आवधिक निर्वाचन लोकतन्त्रको अनिवार्य शर्त भएको उल्लेख गर्दै कांग्रेसले निर्वाचनबाट आउने परिणामले मुलुकलाई स्वाधीन, स्वाभिमानी र समुन्नत बनाउँदै लोकतान्त्रिक संस्कार र संस्कृतिमा आधारित समतामूलक समाज निर्माणमा सहयोग गर्नेछ भन्ने विश्वास पनि प्रधानमन्त्रीसमेत रहनुभएका सभापति देउवाले लिनुभएको छ । निर्वाचनमा अत्यन्त उत्साह, संयम र धैर्यका साथ सरिक भई अमूल्य मत खसाल्ने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति उहाँले हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्नुभएको छ।

निर्वाचनमा मतदाताको सक्रियता र उत्साहपूर्ण सहभागिताका साथ अमूल्य मत खसाल्नुभएकामा सरकार र राजनीतिक दललाई थप प्रेरणा दिएको कांग्रेसको भनाइ छ । निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र संस्थागत गर्न ठूलो योगदान पुऱ्याएको छ।

शान्तिपूर्ण र भयरहित वातावरणमा निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउन सफल भएकामा निर्वाचन आयोगलाई सभापति देउवाले विशेष धन्यवाद दिनुभएको छ। निर्वाचन सफल गराउन अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी र सुरक्षा निकायलाई पनि उहाँले धन्यवाद दिनुभएको छ। निर्वाचनमा सहभागी राजनीतिक दल, सञ्चारकर्मी एवं राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय पर्यवेक्षकप्रति समेत उहाँले धन्यवाद ज्ञापन गर्नुभएको छ।

यसैगरी प्रधानमन्त्री देउवाले आज साँझ ट्वीट गर्दै देशभर शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएकोमा निर्वाचन आयोगलाई विशेष धन्यवाद दिनुभएको छ । उहाँले निर्वाचन सफल बनाउने कार्यमा खटिने कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, पर्यवेक्षक, सञ्चारकर्मीलगायतलाई पनि धन्यवाद दिनुभएको छ।

"निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । यसका लागि निर्वाचन आयोगलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै निर्वाचन सफल गराउन अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, सञ्चारकर्मी र पर्ववेक्षकहरूमा धन्यवाद तथा आभार व्यक्त गर्दछु', प्रधानमन्त्रीले ट्वीटमा लेख्नुभएको छ।



## प्रधानमन्त्रीद्वारा मतदान

डडेल्धुरा । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गृहजिल्ला डडेल्धुरामा मतदान गर्नुभएको छ।

उहाँले गन्यापधुरा गाउँपालिका-१ स्थित असिग्राम मावि रुवाखोला मतदान केन्द्रमा आइतवार बिहान मतदान गर्नुभएको हो। प्रधानमन्त्री देउवाले सोही मतदान केन्द्रमा रहेको विद्यालयमा अध्ययन गर्नुभएको थियो। नेपाली कांग्रेसका तर्फबाट डडेल्धुरामा प्रतिनिधिसभा सदस्यका उम्मेदवार समेत रहनुभएका देउवा निर्वाचनअघि दुई पटक डडेल्धुरासहित सुदूरपश्चिमका विभिन्न जिल्लामा चुनावीसभामा सहभागी हुनुभएको थियो।

विसं २०४८ बाट डडेल्धुरामा निरन्तर निर्वाचन जित्दै आउनुभएका प्रधानमन्त्री देउवाले अहिले सातौँ पटक प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार हुनुहुन्छ।

## बाजुरामा गोली लागेर एकको मृत्यु, तीन घाइते

महेन्द्रनगर। बाजुरामा सुरक्षाकर्मीको गोली लागेर एकजनाको मृत्यु हुनाका साथै तीनजना गम्भीर घाइते भएका छन्। बाजुराको त्रिवेणी नगरपालिकाका नगरप्रमुख कर्णबहादुर थापाका अनुसार त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा प्रहरी र स्थानीयवासीबीच झडप हुँदा गोली लागेर स्थानीय सञ्जीव ऐडीको घटनास्थलमै मृत्यु भएको हो।

उहाँका अनुसार सुरक्षाकर्मीको गोली लागेर स्थानीय परशुराम पाध्याय, खड्क ऐडी र प्रेम थापा गम्भीर घाइते भएका छन्।

बाजुरा सदरमुकाम मार्तडीस्थित बडिमालिका-९ कालिका मावि मतदानस्थलमा समेत प्रहरीले हवाई फायर गरेको थियो। सो ठाउँमा नेपाली कांग्रेस र नेकपा (एमाले)का कार्यकर्ताबीच झडप भएको थियो।

त्यसैगरी बाजुराको बूढीनन्दानगरपालिका, बूढीगङ्गा नगरपालिकालगायतका केही पालिकामा विवाद भएपछि मतदानसमेत स्थगन भएको छ।

बाजुराका सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्र विष्टले बाजुरामा मतदान स्थगन तथा त्रिवेणी नगरपालिकामा भएको घटनासम्बन्धमा जानकारी लिने कार्य भइरहेको बताउनुभयो।रासस

## स्थानीय तहको निर्वाचनभन्दा कम मतदान

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा जिल्लामा गत स्थानीय तहको निर्वाचन भन्दा झण्डै १४ प्रतिशत कम मत खसेको छ।

गत स्थानीय तहको निर्वाचनमा धनुषामा ७६ प्रतिशत मत खसेकोमा यस प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा करिब ६२ प्रतिशत मात्रै मत खसेको बताइएको छ।

धनुषामा प्रमुख निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले यो निर्वाचनमा करिब ६२ प्रतिशत मात्रै मत खसेको बताए। उनले चारवटै निर्वाचन क्षेत्रमा प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको मतदान शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको बताए।

जिल्लाको ३२२ वटा मतदान स्थलका ६०५ मतदान केन्द्रमार्फत मतदान भएको छ । धनुषामा २ लाख ५२ हजार ९१५ पुरुष, २ लाख २१ हजार ६६५ महिला र अन्य ७ गरी कुल ४ लाख ७४ हजार ५८७ मतदाता रहेका छन् । निर्वाचनलाई भयरहित र शान्तिपूर्ण वातावरणमा चुनाव सम्पन्न गराउन ६ जिल्ला भरिमा ६ हजार सुरक्षाकर्मी परिचालन गरिएको थियो।



## महोत्तरीमा ६१ प्रतिशत मतदान



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा शान्तिपूर्ण मतदान सकिएको छ। मतदान समाप्त पछिको प्रारम्भिक जानकारी अनुसार ६० प्रतिसत भन्दा बढ़ी मतदान भएको मुख्य निर्वाचन अधिकृत हेम बहादुर सेनले बताएका छन्।

उनले अझै तथ्यांक अपडेट भइरहेकोले यकिन तथ्यांक नभए पनि ६० प्रतिशतभन्दा बढी मत खसेको सेनले बताए।

जिल्लामा शान्पिूर्ण मतदान सम्पन्न भएको बताएका छन्।

## धनुषामा जम्मा ६२ प्रतिशत मतदान

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा जम्मा ६२ प्रतिशत मत खसेको छ। जिल्लाको चारवटै निर्वाचन क्षेत्रमा आइतबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको निर्वाचनमा ६२ प्रतिशत मतदाताले मतदान गरेका छन्।

धनुषाका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जिल्लाको चारवटै निर्वाचन क्षेत्र मिलाएर ६२ प्रतिशतसम्म मतदान भएको जानकारी दिए।

उनले जिल्लाभरिमा शान्तिपूर्ण र व्यवस्थित रुपमा मतदान भएको छ, हामीले सुरक्षा व्यवस्था कडा बनाएका थियौं।

जिल्लाको ३२३ मतदानस्थलका ६०६ मतदान केन्द्रमार्फत बिहान ७ बजेदेखि ५ बजेसम्म शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको छ।

यस जिल्लामा २ लाख ५२ हजार ९१५ पुरुष, २ लाख २१ हजार ६६५ महिला र अन्य ७ गरी कुल ४ लाख ७४ हजार ५८७ मतदाता रहेका छन्। जिल्लामा अतिसंवेदनशील १९४, संवेदनशील १११ र १७ वटा सामान्य मतदानस्थल रहेका छन्।

प्रतिनिधिसभातर्फ धनुषाको निर्वाचन क्षेत्र नम्बर-१ मा २५, क्षेत्र नम्बर-२ मा १६, क्षेत्र नम्बर-३ मा ३१ र क्षेत्र नम्बर-४ मा ३१ जना उम्मेदवार छन् भने प्रदेशसभा १ को (क) मा १४, (ख) मा १४ र २ को (क) मा १४ तथा (ख) मा १७ जना उम्मेदवार छन्। त्यस्तै, ३ को (क) मा २० र (ख) मा २७ तथा ४ को (क) मा १९ र (ख) मा १३ जना उम्मेदवार रहेका छन्।

## जनताका पक्षमा मतदान गर्न बिजुक्छेंको आग्रह

भादगाउँ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले जनताका पक्षमा मतदान गर्न सबै मतदातामा आग्रह गर्नुभएको छ।

भक्तपुर नगरपालिका-५ विद्यार्थी निकेतन माध्यामिक विद्यालय साकोठाको मतदान केन्द्रमा आइतवार मतदानपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले सो आग्रह गर्नुभएको हो।


अध्यक्ष बिजुक्छेंले निर्वाचनका लागि हाल गरिएका दुवै गठबन्धन सत्ता स्वार्थका लागि गरिएको आरोप पनि लगाउनुभयो।

नेपाली कांग्रेस नेतृत्वको सत्ता गठबन्धन र एमालेसहित राप्रपाको गठबन्धन एउटै सिक्काका दुई वटा पाटा भएको पनि उहाँको टिप्पणी थियो। भक्तपुरमा प्रतिनिधिसभातर्फ दुई र प्रदेशसभातर्फ चार वटा निर्वाचन क्षेत्र छन्। रासस

## पोखरेलले गरे मतदान

**टुडे समाचारदाता**

बर्दिबास। नेकपा माओवादी



केन्द्रकानेतागिरिराजमणिपोखरेलले महोत्तरीबाट मतदान गरेका छन्।

पोखरेलले महोत्तरीको निर्वाचन क्षेत्र नं. १ को बर्दिबास-३ स्थित रजवा जुडेश्वरी प्राथमिक विद्यालयको मतदान केन्द्र पुगेर मतदान गरेका थिए।

पोखरेल महोत्तरीको क्षेत्र नम्बर-१ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार छन्।

## पर्सामा मतदान सम्पन्न

**टुडे समाचारदाता**

पर्सा । पर्सामा शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको छ । पर्सामा प्रतिनिधिसभा र प्रदेशसभातर्फको निर्वाचनमा ६९ प्रतिशत मतदान सम्पन्न भएको प्रारम्भिक अनुमान गरीएको मुख्य निर्वाचन अधिकृत विनोद पोखरेलले जनाएका छन्।

निर्वाचन आयोगले तोके



अनुसार विहान ७ बजेदेखि साँझ ५ बजेसम्म ६९ प्रतिशत मत खसेको प्रारम्भिक अनुमान गरीएको उनले बताए। पोखरेलका अनुसार पर्साका १६९ मतदान स्थल र ४१४ मतदान केन्द्रको यकिन तथ्यांक आउन समय लाग्ने बताएका छन्।

पर्सामा ४ प्रतिनिधिसभा र ८ प्रदेशसभा सदस्यका लागि भएको मतदानमा प्रतिनिधिसभा सदस्यतर्फ ५३ र प्रदेशसभातर्फ १ सय ८ जना उम्मेवार छन्।

## निर्वाचन आमरूपमा शान्तिपूर्ण र व्यवस्थित रह्यो : पर्यवेक्षण संस्था

काठमाण्डु । निर्वाचन पर्यवेक्षण संस्थाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको आइतवार भएको निर्वाचन छिटपुट घटनाबाहेक आमरूपमा शान्तिपूर्ण र व्यवस्थितरूपमा सम्पन्न भएको जनाएको छ।

मतदानमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत सबै वर्ग, समुदाय, लिङ्ग र अवस्थाका मतदाताको उत्साहवर्द्धक सहभागिता भएको आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) ले जानकारी दिएको छ। निर्वाचन शान्तिपूर्ण हुनुमा दल, उम्मेदवार र मतदाताको व्यवहार संयमित, सहयोगात्मक र शान्त भएको पाइएको संस्थाका महासचिव कृष्णमान प्रधानले बताउनुभयो।

बिहान प्रारम्भिक चरणमा मतदाताको पातलो उपस्थिति देखिए पनि दिउँसो मतदाताको चाप र उपस्थितिमा सुधार आएको थियो। उक्त संस्थाले मुलुकका ३६



जिल्लाको दुई सय ५० पालिकामा राष्ट्रियस्तरका ३०, जिल्लास्तरका ३६ र स्थानीय तहका दुई सय ८४ पर्यवेक्षक खटाएको थियो।

पूर्वप्रधानन्यायाधीश, पूर्वप्रमुख निर्वाचन आयुक्त र पूर्वमुख्य सचिवसहितको १० विशेष पर्यवेक्षक टोलीले दिएको प्रारम्भिक प्रतिवेदनका आधारमा संस्थाले निष्कर्ष निकालेको उल्लेख गरेको छ।

यसै राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)ले निर्वाचन शान्तिपूर्ण रहे पनि विगतका निर्वाचन जस्तो मतदातामा उत्साह कम रहेको तथा मतदान प्रतिशत पनि घट्न सक्ने आकलन गरेको छ।

उक्त संस्थाले यस निर्वाचनमा एक हजार आठ सय पर्यवेक्षक खटाएको नियोगका कार्यकारी निर्देशक विकल श्रेष्ठले बताउनुभयो। उक्त संस्थामा रहनुभएका एक पूर्वप्रमुख निर्वाचन आयुक्तसहितको टोलीले निर्वाचनको पर्यवेक्षण गरेको हो।रासस

### तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथुन | : शिक्षामा उन्नति । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

धनुषा सहित मधेश प्रदेशका विभिन्न मतदान केन्द्रमा मतदान गर्दै उम्मेदवार तथा सर्वसाधारणहरु । आइतवार सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन छिटफुट घटना बाहेक शान्तिपूर्ण सम्पन्न भएको निर्वाचन कार्यालयहरुले जनाएको छ । *तस्विर : टुडे*





















**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# समग्रमा मतदान शान्तिपूर्ण

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछिको दोस्रो आमनिर्वाचनमा केही छिटफुट घटना बाहेक समग्रमा मतदान शान्तिपूर्ण सम्पन्न भएको छ ।मतदान भइसकेपछि चुनावको नतिजा २/४ दिनमा आउने छ ।चुनावमा प्रमुख रुपमा दुईवटा गठबन्धन प्रतिस्पर्धा गरेका थिए ।सत्तारुढ गठबन्धनमा पाँच दल र एमाले गठबन्धन जसपा गठबन्धनबीच भएको प्रतिस्पर्धाको नतिजाका लागि केही दिन कुनुपर्ने अवस्था छ ।तर देशमा कुनै एउटा दलले सरकार बनाउन सक्ने अवस्था समाप्त भइसकेको छ ।गठबन्धनमा सिट बाँडफाँट गरी चुनाव लडेका दलहरुको पक्षमा आउने नतिजा पनि गठबन्धनकै सरकार बन्ने किसिमको रहनेछ ।देशमा स्थिर सरकार दिन दलहरु यो चुनावमा पनि असफल भएका छन् ।हुनत २०७४ सालको चुनावमा तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच भएको गठबन्धन र ततूपश्चात भएको एकताले नेकपाका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा झण्डै दुई तिहाई बहुमतको सरकार बनेको थियो ।तर त्यो सरकारले दुई पटक मध्यावधि चुनावको सिफारिस गरेको थियो ।मध्यावधि चुनाव असफल भएपछि नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठन भएको पाँच दलीय गठबन्धनले समयमै निर्वाचन सम्पन्न गराएको छ ।सहरी भन्दा ग्रामीण भेगमा बढी मतदान भएको तथ्यांकबाट देखिन्छ ।मधेशका जिल्लाहरुमा ६० प्रतिशत मतदान भएको बताइएको छ ।उम्मेदवार हरुले चुनाव प्रचारको क्रममा आचारसंहिताको व्यापक उल्लंघन गरे पनि कडा सुरक्षा व्यवस्थाको कारण मतदानमा गडबडी गर्न सकेनन् ।मतदान स्थलको सुरक्षा व्यवस्था अत्यन्त कडा बनाइएको थियो ।निर्वाचन आयोगले चुनाव प्रचारको क्रममा आचारसंहितालाई पालना गराउन असफल भए पनि मतदानलाइ शान्तिपूर्ण रुपमा सम्पन्न गराउन सफल भएको छ ।हुनत मतदातालाई प्रभावित गर्न उम्मेदवार हरुले नगद, माछा, मासु र मदिराको व्यवस्था गरेका थिए ।त्यसलाई पनि नियन्त्रण गर्न आयोगलाई सफलता मिलेन् ।सवारी साधनको सञ्चालनका लागि पासको व्यवस्था भए पनि एकैजना उम्मेदवारले कयौं सवारी साधन कुदाएका थिए ।मतदानको अघिल्लो रातभरि नै मतदाताहरुको घर-घरमा मद्यमांस र नगद पुऱ्याएको कारण आर्थिक अवस्था समान्य भएका उम्मेदवारहरु मैदानबाट एकप्रकारले बाहिरिएका थिए ।मतदाताहरुलाई प्रभावित गर्ने कामलाई नियन्त्रण गर्नु निर्वाचन आयोगका लागि चुनौती थियो ।त्यसमा आयोग सफल हुन सकेन् ।रातभरि नै अनधिकृत रुपमा सवारी साधनहरु कुदेका थिए ।सवारी साधनमा माछा, मासु, नगद, मदिरा पर्याप्त रहे पनि चेकजाँच राम्ररी नहुँदा उम्मेदवारहरुको वितरण प्रणाली प्रभावित हुन सकेन् ।चुनावको परिणामलाई नै प्रभावित गर्नेगरी उम्मेदवारहरुले गरेको अनैतिक कार्यलाई रोक्न नसकिएको कारण चुनाव महँगो र सर्वसधारणको पहुँच भन्दा टाढा हुन थालेको छ ।

# कम मत खस्नुका यी हुनसक्छन् चार कारण



शिखर घिमिरे

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यका लागि आइतबार विहान सुरु भएको मतदानको पूर्वनिर्धारित समय सकिएको छ । आइतबार विहान ७ बजे सुरु भएको मतदान अधिकांश स्थानमा शान्तिपूर्ण रुपमा सकिएको सुरक्षा निकाय तथा निर्वाचन आयोगका दाबीहरुले देखाएको छ । विभिन्न स्थानमा भएका छिटफूट घटनाका कारण कम्तिमा १५ स्थानमा मतदान स्थगित भएको छ । केही स्थानमा विहान गरिएको मतदानलाई रद्द गरेर फेरि मतदान गरिएको रिपोर्टहरु पनि आएका छन् ।

समग्रमा हेर्दा यसपटकको निर्वाचन शान्तिपूर्णरुपमा सकिएको निष्कर्ष निकाल्न सकिन्छ । तर, पछिल्लो समय आएका विभिन्न तथ्यांकमा यसपटक मतदान खासै उत्साहपूर्ण नभएको निष्कर्ष निकाल्न सकिन्छ । निर्वाचन आयोगका कार्यालयहरुले दिएको जानकारीअनुसार अधिकांश स्थानमा ५० देखि ६० प्रतिशतको बीचमा मत खसेको देखिन्छ । निर्वाचन आयोग स्वयंले देशभर झन्डै ६० प्रतिशत जति मत खसेको हुनसक्ने अनुमान गरेको छ । यो तथ्यांक भोलि विहानसम्म अपडेट हुने देखिन्छ ।

यसअघि निर्वाचन आयोगले आजको मतदानमा ७० प्रतिशत मत खस्ने अनुमान गरेको थियो । तर, निर्वाचन आयोगले गरेको अनुमानभन्दा निकै कम मत खसेको छ । पाँच वर्षपछि भएको निर्वाचनमा आखिर मतदातामा किन उत्साह देखिएन त ? यसका चार कारण हुनसक्ने अनुमान हामीले लगाएका छौं । पहिलो कारण हो, राजनीतिप्रति जनताको वितृष्णा र निराशा । २०७४ सालमा स्थिर सरकारको परिकल्पना गर्दै बनेको वाम गठबन्धनलाई दुई तिहाई मत दिएर निर्वाचित गरेका नेपालीले सोचेजस्तो नतिजा पाएनन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बारम्बार संविधान विपरित संसद भंग गरे, उनको पार्टी नेकपा छिन्नभिन्न भयो । यसले देशमा थप अस्थिरता ल्यायो । यहीबीचमा विश्वव्यापीमहामारीकोरोनाभाइरसको समयमा पार्टीको नेतृत्वमा वा सरकारको नेतृत्वमा रहेकाहरुले जनतालाई आशावादी काम गरेर देखाएनन्, बरु नयाँ काण्डहरु बाहिर आउँदै गए । पछिल्लो समय नेपालमा आर्थिक अवस्था निकै कमजोर भइरहेको छ । तर, राजनीति गर्नेहरुले यसबारे सम्बोधन गर्न सकेका छैनन् । यी यावत् कारणहरुले जनतामा राजनीति वा नेताप्रति वितृष्णा बढेको र निराशा बढ्दै गएको प्रष्ट हुन्छ ।

यो वितृष्णा र निराशाबीच मतदान गर्न आम मानिसहरु मतदान केन्द्रसम्म नपुगेका हुनसक्छन् । दोस्रो कारण हो, दलहरुले उठाएका उही पुराना अनुहार । निर्वाचनको मिति घोषणा भएपछि र उम्मेदवारहरुको चर्चा चल्न थालेपछि यसपटक सामाजिक सन्जालमा नोनट एगेन अभियान व्यापक चलेको थियो । यो अभियान चल्नुको कारण हो, यसपटक उम्मेदवार भएकाहरुको पुरानो अनुहार । कतिसम्म भने २०४८ सालपछि लगातार चुनावमा प्रतिस्पर्धा गरेका अनुहारहरुलाई यसपटक पार्टीहरुले फेरि टिकट दिए, फेरि उम्मेदवार बनाए ।

नेताले दिएका आश्वासन र गरेका प्रतिबद्धता पूरा नहुने तर बारम्बार उनीहरु नै निर्वाचनको समयमा उम्मेदवार बनेर आउने भएकाले पनि जनताले उनीहरुप्रति सद्भाव नदेखाएर यसपटकको निर्वाचनमा मत हाल्न मतदान केन्द्रसम्म पुगेनन् ।

# मूल्य अभिवृद्धि कर सुधारका क्षेत्रहरु



रुप खड्का

**१. विषय प्रवेश**

नेपालले वस्तुगत कर प्रणालीलाई बढी सरल, सहज, सक्षम तथा पारदर्शी बनाई मुलुकको आन्तरिक राजस्व परिचालनमा दिगोपन ल्याउन विसं २०५४ साल मार्ग १ गते साबिकका विक्री कर, होटेल कर, ठेक्का कर तथा मनोरञ्जन करको सट्टा विस्तृत आधार भएको एकल दरको मूल्य अभिवृद्धि कर लागु गरेको थियो । यो कर नेपालमा राजस्वको सबभन्दा ठूलो स्रोतका रुपमा स्थापित भएको छ । यस करबाट कुल कर राजस्वको एक तिहाइ र कुल गार्हस्थ्य उतपादनको करिब ७ प्रतिशत जति राजस्व संकलन हुने गरेको छ ।

मूल्य अभिवृद्धि करको राजस्वमा यति ठूलो योगदान दक्षिण एशियाली मलुकहरुको तुलनामा निकै उच्च त छ नै मूल्य अभिवृद्धि कर सफलतासाथ लागु गरिएका मुलुकहरुको हाराहारीमा छ । यस करमा दिइएका विभिन्न छुटहरुको संख्या घटाएर कर प्रशासनलाई चुस्तदुरुस्त बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिए थप दुई खर्ब राजस्व परिचालन हुनसक्ने संभावना देखिन्छ ।

**२. वर्तमान व्यवस्था**

मूल्य अभिवृद्धि कर कानुनले छुट दिइएका वस्तु तथा सेवाबाहेकका सबै वस्तु तथा सेवामा १३ प्रतिशतका दरले लाग्छ भने निकासीमा शून्य दरको कर लाग्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको विगत बाह्र महिनामा रु ५० लाखभन्दा बढीको कारोबार भएको वा आगामी बाह्र महिनाभित्र रु ५० लाखभन्दा बढीको कारोबार हुनसक्ने अनुमान भएको विक्रेताले यस करको प्रयोजनका लागि अनिवार्यरुपमा दर्ता हुनुपर्छ ।

यसैगरी मूल्य अभिवृद्धि कर लाग्ने सेवाको विगत बाह्र महिनामा रु २० लाखभन्दा बढीको कारोबार भएको वा आगामी बाह्र महिनाभित्र रु २० लाखभन्दा बढीको कारोबार हुनसक्ने अनुमान भएको विक्रेताले पनि यस करको प्रयोजनका लागि अनिवार्यरुपमा दर्ता हुनुपर्छ । अनिवार्य दर्ता हुनुपर्ने बाहेकका विक्रेताले पनि यस करमा स्वेच्छाले दर्ता हुनसक्ने व्यवस्था छ ।

मूल्य अभिवृद्धि करमा दर्ता भएका विक्रेताले आफ्नो व्यापारको सिलसिलामा खरिद तथा पैठारी गरेका वस्तु एवं सेवामा कर तिर्नुपर्छ र आफूले कर लाग्ने वस्तु तथा सेवा विक्री गर्दा कर असुल गर्नुपर्छ । यसरी विक्रीमा असुल गरेको करबविक्रीाट खरिद तथा पैठारीमा तिरेको कर कटाएर वांकि रहेको रकम सरकारलाई मूल्य अभिवृद्धि कर स्वरुप वुझाउनु पर्छ । खरिद तथा पैठारीमा तिरेको कर कटाउने सम्वन्धी दुइटा अपवाद छन ।

पहिलो अपवाद अटोमोवाइल्समा तिरेको करको ४० प्रतिशतमात्र कटाउन पाउने व्यवस्था हो । दोश्रो अपवादमा पेय पदार्थ, अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ (जस्तै रक्सी र बियर), सवारी साधनको लागि पेट्रोल र मनोरञ्जन खर्चका सन्दर्भमा तिरेको मूल्य अभिवृद्धि कर ती वस्तु तथा सेवाको आपूर्ति गर्ने कार्य नै मूख्य रुपमा भएमा वाहेक अन्य करदाताले ती वस्तुहरुको खरिद तथा पैठारीमा तिरेको कर कटाउन नपाउने व्यवस्था हो ।

विक्रीमा असुल गरेको करभन्दा खरिद तथा पैठारीमा तिरेको कर बढी भएमा बढी भएको रकम निकासीकर्ता (कुल कारोबारको ४० प्रतिशतभन्दा बढी निकासी गर्ने व्यक्ति) ले कर प्रशासनबाट तुरुन्त फिर्ता माग गर्न सक्छ भने निकासीकर्ताबाहेकका अन्य विक्रेताले त्यस्तो रकम मूल्य अभिवृद्धि कर ऐनअनुसार सो महिनासम्म बुझाउनु पर्ने कुनै रकम भए त्यसमा मिलान गर्न पाउँछ ।

त्यसरी मिलान गरेपछि पनि बाँकी रहेको रकम करदाताले अर्को महिनामा बुझाउनुपर्ने करको रकममा मिलान गर्न सक्छ । लगातार ४ महिनासम्म मिलान हुन नसकेको रकम एकमुष्ट कर प्रशासनबाट फिर्ता माग गर्न सकिन्छ ।

फिर्ताको माग मूल्य अभिवृद्धि कर विवरणमै गर्नुपर्छ र त्यसको लागि छुट्टै निवेदन दिनु पर्दैन । निकासीकर्ताले कर फिर्ता माग गरेको ३० दिन र अन्य करदाताले कर फिर्ता माग गरेको ६० दिनभित्र कर प्रशासनले करदातालाई कर फिर्ता गरी सक्नुपर्छ । सो अवधिभित्र फिर्ता नगरिएको रकममा नेपाल सरकारले वार्षिक १५ प्रतिशतका दरले ब्याज दिनुपर्ने व्यवस्था छ ।

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको कर अवधि मासिक कायम गरिएको छ र करदाताले कर अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र मूल्य अभिवृद्धि कर विवरण बुझाउनु र कर तिर्नुपर्ने व्यवस्था छ । तर इटा उद्योग, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह, होटल, पर्यटन तथा चलचित्र घरले चाहेमा मासिकको सट्टा चौमासिकरुपमा कर विवरण पेस गर्न र कर तिर्न सक्ने व्यवस्था छ ।

**३ समस्याहरु**

**३.१ कर छुट धेरै**

मूल्य अभिवृद्धि करमा विभिन्न किसिमका छुटहरु दिइएका छन् । यही यस करको अहिलेको सबभन्दा ठूलो समस्या हो । विभिन्न वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट दिइएको छ । यसैगरी सरकारी निकाय, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालगायतका विभिन्न निकायको पैठारी तथा खरिदमा र वैदेशिक सहायताबाट संचालित परियोजनाको पैठारीमा पनि मूल्य अभिवृद्धि कर छुट दिइएको छ । यसका साथै उद्योग विभाग, लगानी बोर्ड, विद्युत् विकास विभाग, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, औषधि व्यवस्था विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलगायतका नेपाल सरकारका विभिन्न निकायको सिफारिसको आधारमा पनि केही छुटहरु दिइएका छन् । यस्तै, नेपाल सरकारले पटके निर्णयद्वारा कर छुट दिने प्रचलन पनि छँदैछ ।

यसरी मूल्य अभिवृद्धि करमा व्यपाक छुट दिएका र ती छुटका कारणले समेत मूल्य अभिवृद्धि कर प्रशासन कमजोर भएकाले यस करको संभावित आधारको आधाजति हिस्सा करको दायराबाहिर रहेको छ । यो तथ्य यस करको सि-सक्षमता अनुपात ०.४६ हुनुले प्रष्ट हुन्छ । उपभोगमा आधारित यस करबाट संकलित राजस्व आर्थिक वर्ष २०७८/७९ मा कुल उपभोग र निजीक्षेत्रको उपभोगको क्रमशः ५.९५ प्रतिशत र ८.३५ प्रतिशत थियो ।

मूल्य अभिवृद्धि कर छुटले करको आधार साँगुरो पारेर राजस्व गुम्नुका साथै मूल्य अभिवृद्धि कर व्यवस्थामा विकृति तथा विसंगति उब्जने, छुट दिँदा तजबिजी अधिकार प्रयोग हुने, कुशासन मौलाउने र कर प्रणाली अनावश्यकरुपमा जटिल हुनेजस्ता समस्या उत्पन्न गर्छ ।

**३.२ वस्तु र सेवाको लागि छुट्टाछुट्टै दर्ता सीमा**

मूल्य अभिवृद्धि करअन्तर्गत वस्तु र सेवा दुवैका लागि एकाध अपवादबाहेक एउटै दर्ता सीमा (थ्रेसहोल्ड) कायम गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास छ । त्यसले गर्दा मूल्य अभिवृद्धि कर दर्ताको प्रयोजनका लागि वस्तु तथा सेवालाई छुट्याउन पर्दैन । यस किसिमको व्यवस्था सरल र पारदर्शी भएकोले सुशासनका दृष्टिले पनि राम्रो मानिन्छ । तर, नेपालमा केही वर्षदेखि वस्तु र सेवाको लागि छुट्टा छुट्टै दर्ता सीमा कायम गरिँदै आएको छ । यसले गर्दा वस्तु र सेवा छुट्याउनु पर्ने, कतिपय अवस्थामा वस्तु तथा सेवा छुट्याउन सहज नहुने, त्यसले करदाता र कर प्रशासनबीच कचमच वा मिलोमतो हुनसक्ने र त्यस किसिमको व्यवहार सुशासनका निम्ति उचित नहुने हुन्छ ।

**३.३ बढी कर कट्टी रकम समायोजन गर्ने लामो अवधि**

कर कट्टी मूल्य अभिवृद्धि करको मूल विशेषता हो । यसअनुसार करदाताले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु तथा सेवाको खरिद एवं पैठारीमा तिरेको कर विक्रीमा असुल गरेको करबाट कटाउन पाउँछ । खरिद तथा पैठारीमा तिरेको कर विक्रीमा असुल गरेको करभन्दा बढी भएमा बढी रकम सरकारबाट तुरुन्त फिर्ता माग गर्न पाउँछ । यसले करदाताको लगानी करको भारबाट मुक्त हुन्छ । तर, नेपालमा करदाताले विक्रीमा असुल गरेको करभन्दा खरिद तथा पैठारीमा तिरेको कर बढी भएमा बढी भएको रकम निकासीकर्ताबाहेक अन्य करदाताले तुरुन्त फिर्ता माग गर्न सक्दैनन् ।

> खरिद तथा पैठारीमा तिरेको कर विक्रीमा असुल गरेको करभन्दा बढी भएमा बढी रकम सरकारबाट तुरुन्त फिर्ता माग गर्न पाउँछ । यसले करदाताको लगानी करको भारबाट मुक्त हुन्छ । तर, नेपालमा करदाताले विक्रीमा असुल गरेको करभन्दा खरिद तथा पैठारीमा तिरेको कर बढी भएमा बढी भएको रकम निकासीकर्ताबाहेक अन्य करदाताले तुरुन्त फिर्ता माग गर्न सक्दैनन् । त्यस्तो रकम मूल्य अभिवृद्धि कर ऐनअनुसार सो महिनासम्म बुझाउनुपर्ने कुनै रकम भए त्यसमा मिलान गर्ने र मिलान हुन नसकेको रकम अर्को महिनामा बुझाउनुपर्ने करको रकममा मिलान गर्ने तथा लगातार ४ महिनासम्म मिलान हुन नसकेको रकममात्र एकमुष्ट कर प्रशासनबाट फिर्ता माग गर्न सक्ने प्रावधान छ ।

त्यस्तो रकम मूल्य अभिवृद्धि कर ऐनअनुसार सो महिनासम्म बुझाउनुपर्ने कुनै रकम भए त्यसमा मिलान गर्ने र मिलान हुन नसकेको रकम अर्को महिनामा बुझाउनुपर्ने करको रकममा मिलान गर्ने तथा लगातार ४ महिनासम्म मिलान हुन नसकेको रकममात्र एकमुष्ट कर प्रशासनबाट फिर्ता माग गर्न सक्ने प्रावधान छ । यसले करदतालाई नगद प्रवाहको समस्या सिर्जना गर्छ जुन मूल्य अभिवृद्धि करको मर्म तथा अन्तर्राष्ट्रिय असल अभ्यास विपरीत हो ।

**३.४ कर फिर्ता व्यवस्था प्रभावकारी नभएको**

मूल्य अभिवृद्धि करको अर्को महत्त्वपूर्ण विशेषता कर फिर्ता हो । नेपालमा अन्तर्राष्ट्रिय असल अभ्यासअनुसारको कर फिर्ता व्यवस्था तर्जुमा भए पनि व्यवहारमा सही र प्रभावकारीरुपमा लागु गरिएको देखिँदैन ।

आर्थिक वर्ष २०७८/७९ मा रु. १० अर्ब ५ करोड कर फिर्ता माग गरिएकोमा जम्मा रु. ४ अर्ब २२ करोडमात्र फिर्ता स्वीकृत भएको थियो । यसरी कर फिर्ता स्वीकृत भएको रकम त्यस आर्थिक वर्षमा संकलन भएको कुल मूल्य अभिवृद्धि कर राजस्वको १.२९ प्रतिशत रहेको थियो । यो रकम मूल्य अभिवृद्धि कर फिर्ता व्यवस्था सफलतासाथ लागु गरिएको मुलुकको तुलनामा निकै न्यून हो । अन्तर्राष्ट्रिय मुद्रा कोषको एउटा सर्भेक्षण अनुसार सन् २०१५ मा उच्च आय भएका मुलुकहरुमा मूल्य अभिवृद्धि कर फिर्ता कुल संकलनको ३५ प्रतिशत र न्यून आय भएका मुलुकमा ११ प्रतिशत रहेको थियो ।

नेपालमा कर फिर्ताको रकम न्यून हुनुमा विभिन्न कारणहरु जिम्मेवार छन् । नेपालको निकासीको मात्रा त्यति ठूलो छैन र निकासी गरिने कतिपय वस्तुहरुमा मूल्य अभिवृद्धि कर छुट दिइएकोले कर फिर्ताको ठूलो माग हुने स्थिति छैन । अर्कोतर्फ कर फिर्ता व्यवस्थालाई व्यवहारमा सही र प्रभावकारीरुपमा लागु नगरिएकोले करदातामा कर फिर्ता माग नै नगर्ने प्रवृत्ति पनि देखा परेको छ । कर फिर्ता मूल्य अभिवृद्धि करको महत्वपूर्ण पक्ष भएकाले यसलाई सही र प्रभावकारीरुपमा लागु गर्नुपर्छ ।

**३.५ साना करदाताको लागि छोटो कर अवधि**

स्वेच्छाले दर्ता हुने साना करदाताको लागि सुरुमा चौमासिक कर अवधि कायम गरिएको थियो । यसको अर्थ मूल्य अभिवृद्धि करको दर्ता सीमाभन्दा कम कारोबार भएर पनि मूल्य अभिवृद्धि करमा स्वेच्छाले दर्ता हुने करदाताले चार महिनाको एक पटक कर विवरण बुझाएर कर तिरे पुग्थ्यो । यो अन्तर्राष्ट्रिय ससल अभ्यासअनुरुप थियो । विभिन्न मुलुकहरुमा मूल्य अभिवृद्धि करमा स्वेच्छाले दर्ता हुने साना करदाताहरुको कर अनुपालन लागत कम गर्न त्रैमासिक, चौमासिक वा अर्धवार्षिकजस्तो लामो कर अवधिको व्यवस्था गरिएको हुन्छ । तर, नेपालमा वि. सं. २०७२ सालमा स्वेच्छाले दर्ता हुने साना करदाताको लागि पनि विनाअध्ययन हचुवाको आधारमा चौमासिकको सट्टा मासिक विवरण बुझाउनुपर्ने व्यवस्था लागु गरियो । यसबाट राजस्वमा कुनै सकारात्मक असर परेको छैन भने साना करदाताको अनुपालन लागत र कर प्रशासनको कर संकलन खर्च अनावश्यकरुपमा बढेको छ ।

**३.६ अत्यधिक स्वेच्छिक दर्ता**

मूल्य अभिवद्धि करअन्तर्गत दर्ता भएमा विक्रेताले विभिन्न किसिमका लाभ पाउने हुँदा अनिवार्य दर्ता हुनुपर्ने दायित्व भएकाबाहेक अन्य विक्रेताहरु पनि स्वेच्छाले दर्ता हुनेगरेको पाइन्छ । यसरी स्वेच्छाले दर्ता हुने करदातामध्ये कुल दर्तावालको दस पन्ध्र प्रतिशत हुनेगरेको अन्तर्राष्ट्रिय अनुभवको सन्दर्भमा नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता हुने करदातामध्ये आधाभन्दा बढी स्वेच्छिक करदाता हुनु भने अस्वाभाविक हो ।

**३.७ क्रेडिट र शून्य विवरणको बाहुल्य**

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले प्रत्येक कर अवधिको कारोबारसम्बन्धी विवरण बुझाउनु पर्छ । त्यस्तो विवरण डेबिट, क्रेडिट र शून्य हुन्छ । कुल विवरणमा सामान्य हिसाबले डेबिट विवरणको बाहुल्य हुनुपर्ने भए पनि नेपालमा आर्थिक वर्ष २०७८/७९ मा डेबिट विवरण कुल विवरणको ११.०३ मात्र थियो भने क्रेडिट तथा शून्य विवरण क्रमशः ५८.८१ र ३०.१६ प्रतिशत थियो । यो चिन्ताजनक स्थिति हो ।

**३.८ समयमा विवरण नबुझाउने करदाताको संख्या धेरै**

मूल्य अभिवृद्धि करअन्तर्गत दर्ता भएका सबै करदाताले प्रत्येक कर अवधिको कर विवरण पेस गर्नुपर्ने भए पनि केही करदाताले विभिन्न कारणले समयमा कर विवरण बुझाउँदैनन् । कर प्रशासन सक्रिय छ र करदाताले कर विवरण वुझाएको छ छैन भनेर निरन्तर अनुगमन गर्नेगरेको छ भने समयमा विवरण नबुझाउनेको संख्या न्यून हुन्छ । तर, कर प्रशासन फितलो भएको अवस्थामा समयमै कर विवरण नबुझाउने करदाताको संख्या बढी हुन्छ । नेपालमा आर्थिक वर्ष २०७८/७९ मा कुल करदाताको ३२.४५ प्रतिशत करदाताले समयमा विवरण बुझाएका थिएनन् । यो संख्या अन्तर्राष्ट्रिय तुलनामा धेरै हो ।

**३.९ ठूलो बक्यौता**

केही करदाताले तोकिएको सीमा अवधिभित्रै विवरण पेस नगरे झैं केही तोकिएको समयभित्रै कर नतिर्ने पनि हुन्छन् । यसरी कानुनले तोकेको समय सीमाभित्र नतिरेको करलाई बक्यौता रकम भनिन्छ । नेपालमा बक्यौता रकम आर्थिक वर्ष २०७८/७९ मा रु. १२ अर्ब ३७ करोड थियो जुन त्यस वर्ष संकलन भएको मूल्य अभिवृद्धि करको ४.३९ प्रतिशत हो ।

**३.१० बिल लिनेदिने प्रचलनको कमी**

मूल्य अभिवृद्धि करलाई प्रभावकारीरुपमा लागु गर्न बिल लिनेदिने प्रचलनको ठूलो भूमिका रहने भए पनि नेपालमा यो कर लागु भएको २५ वर्ष पूरा भैसक्दा पनि सही किसिमको बिल लिनेदिने प्रचलन स्थापित भएको छैन । बजारमा सही किसिमको बिल दिने प्रचलन अझै पनि कम छ । कति विक्रेताले बिल दिँदैनन् भने कतिले दिए पनि सही किसिमले दिनेगरेका छैनन् । कतिले उपभोक्तालाई बिल चाहिएमा १३ प्रतिशत बढी मूल्य तिर्नुपर्छ भन्ने गरेका पनि छन् । यसैगरी भंसारमा न्यून बीजकीकरणको समस्या पनि कम भएको छैन । बिलसम्बन्धी समस्या हाल मूल्य अभिवृद्धि कर कार्यान्वयनमा देखिएको ठूलो समस्या हो ।

**४ समस्या समाधानका उपाय**

-मूल्य अभिवृद्धि कर राजस्व विगत २५ वर्षमा औसत बर्सेनि करिब १८ प्रतिशतका दरले वृद्धि भएको छ । यो उल्लेखनीय वृद्धि हो । यसैगरी यस करमा झन्डै तीन लाख जति करदाता दर्ता भएका छन् । यसका साथै करदाताले कर विवरण वुझाउने, कर तिर्ने, सरकारले कर फिर्ता दिनेलगायतका विभिन्न क्षेत्रमा बढोत्तरी भइरहेको छ । यसो भए पनि यस करमा दिइएको छुट अधिक छ भने यसअन्तर्गत समयमा कर विवरण नबुझाउने करदाताको संख्या, करदाताले बुझाएको कर विवरणको बनोट, कर फिर्ताको स्थिति र मूल्य अभिवृद्धि करको सफलताको लागि मेरुदण्डको रुपमा रहेको बजारमा सही किसिमको बिललिने दिने व्यवस्थामा अपेक्षित प्रगति भएको छैन । यसैले नीतिगत तथा प्रशासनिक सुधार गरेर मूल्य अभिवृद्धि करको कार्यान्वयनलाई प्रभावकारी बनाउनु जरुरी छ ।

-मूल्य अभिवृद्धि करमा नीतिगत सुधार गर्ने सन्दर्भमा सबभन्दा महत्त्वपूर्ण पक्ष यस करको आधार विस्तार हो । नीतिगत/कानुनीरुपले करको आधार विस्तार गर्न हाल कानुनले नै कर छुट दिएका वस्तु, सेवा तथा कारोबारलाई करको दायराभित्र ल्याउनुपर्छ । आर्थिक, प्रासनिक तथा राजनीतिक अवस्थाले गर्दा एकै पटक ठूलो क्षेत्रलाई करको दायराभित्र ल्याउन नसकिने भए पनि व्यावहारिक हिसाबले जुन क्षेत्रमा कर लगाउन सम्भव छ त्यसमा कर लगाउँदै जानुपर्छ ।

दबाब वा कुनै प्रलोभनका आधारमा कुनै वस्तु तथा सेवा वा कुनै व्यक्ति तथा संस्थाको कारोबारलाई छुट दिनु हुँदैन । नेपाल सरकारले पटके निर्णयद्वारा कर छुट दिने प्रचलनलाई पनि निरन्तरता दिनु हुँदैन । कर छुटसम्बन्धी स्पष्ट तथा पारदर्शी दिशानिर्देशहरु तयार गरी प्रभावकारीरुपमा कार्यान्वयन गर्दै जानुपर्छ ।

-दर्ता सीमा मूल्य अभिवृद्धि करको अभिन्न अंग हो र यसलाई समसामयिक बनाउँदै जानुपर्छ । विसं २०७२ मा वस्तुको लागि कायम गरिएको रु. ५० लाख र २०७३ मा सेवाको लागि कायम गरिएको रु. २० लाखको दर्ता सीमा मुद्रा स्फीतिका आधारमा बढाउन आवश्यक छ । मूल्य अभिवृद्धि करको मूल मान्यताअनुरुप वस्तु तथा सेवा दुवैको लागि एउटै दर्ता सीमा कायम गरिनुपर्छ ।

-निकासीकर्ता बाहेक अन्य करदाताको हकमा विक्रीमा असुल गरेको करभन्दा खरीद/पैठारीमा तिरेको कर बढी भएमा बढी भएको रकम करदातालाई तुरुन्त फिर्ता गर्नुको सट्टा मूल्य अभिवृद्धि कर ऐनअनुसार सो महिनासम्म बुझाउनुपर्ने कुनै रकम भए त्यसमा मिलान गर्न पाउने र त्यसरी मिलान गरेपछि बाँकी रहेको रकम करदाताले लगातार आगामी चार महिनासम्म मिलान गरेर बाँकी रहेको रकम एकमुष्ट फिर्ता पाउन निवेदन दिन सक्ने व्यवस्था मूल्य अभिवृद्धि करको सैद्धान्तिक अवधारणा र अन्तर ाष्ट्रिय असल अभ्यासअनुसार नभएकोले बढी कर कट्टी रकम निकासीकर्तालाई झैं अन्य करदातालाई पनि तुरुन्त फिर्ता गर्ने व्यवस्था गरिनुपर्छ ।

-कर फिर्ता व्यवस्था मूल्य अभिवृद्धि करको महत्त्वपूर्ण पक्ष भएकोले यसलाई कानुनले व्यवस्था गरेअनुसार व्यवहारमा सही र प्रभावकारीरुपमा लागु गर्नुपर्छ ।

-मूल्य अभिवृद्धि कर दर्तासम्बन्धी तथ्यांकलाई अद्यावधिक बनाउनुपर्छ । कारण मूल्य अभिवृद्धि करको विवरण वुझाए नबुझाएको, कर तिरे नतिरेको, बक्यौता रहेको नरहेको जस्ता मूल्य अभिवृद्धि करका अन्य कार्यहरुको प्रभावकारिता मूल्य अभिवृद्धि करको दर्तासम्बन्धी तथ्यांकको अवस्थामा निर्भर रहन्छ ।

मूल्य अभिवृद्धि कर दर्तासम्बन्धी तथ्यांक अद्यावधिक गर्न एक वर्षसम्म विवरण नबुझाउने वा शून्य विवरण बुझाउने स्वेच्छिक दर्तावालाको दर्ता खारेज गर्ने र अन्यको विश्लेषण गरेर आवश्यक कारबाही गर्ने व्यवस्था अभियानको रुपमा संचालन गर्नुपर्छ ।

-स्वेच्छिकरुपमा दर्ता हुने करदाताका लागि विभिन्न देशमा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक कर अवधि कायम गरिने असल अभ्यासअनुसार नेपालमा पनि सुरुमा त्यस्ता करदाताको कर अवधि चौमासिक थियो । तर, हालैका वर्षमा साना करदाताले वर्षको ४ को सट्टा १२ पटक विवरण वुझाउनु पर्ने भएको छ । यसले कर परिपालन तथा कर संकलन खर्च अनावश्यकरुपमा बढाएकोले स्वेच्छिकरुपमा दर्ता हुने करदाताको लागि चौमासिक कर अवधि कायम गरिनुपर्छ ।

-मूल्य अभिवृद्धि कर विवरणको निरन्तर विश्लेषण गरेर डेबिट विवरण कुल विवरणको कम्तीमा पनि आधाभन्दा बढी हुने स्थिति सृजना गर्नुपर्छ ।

-अभिवृद्धि कर लागु भएको सुरुका वर्षमा कर विवरण बुझाउने तथा कर तिर्ने कार्यको निरन्तर अनुगमन भएकाले समयमै विवरण नबुझाउने करदाताको प्रतिशत एक अंकमै सीमित थियो भने कर बक्यौताको मात्रा पनि ठूलो थिएन । तर, बिस्तारै यस करको अनुगमन कम हुँदै गएकोले समयमा विवरण नबुझाउने करदाताको हिस्सा बढ्दै गएको छ । मूल्य अभिवृद्धि करको अनुगमनलाई प्रभावकारी बनाई समयमा कर विवरण नबुझाउने करदाताको संख्या एक अंकमा झार्ने प्रबन्ध मिलाउनुपर्छ ।

-मूल्य अभिवृद्धि कर बक्यौता रकमको परिमाणको आधारमा घट्दो क्रम तथा बक्यौताको अवधिका आधारमा सूची तयार गरी सबभन्दा ठूलो रकम र नयाँ बक्यौता असुल गर्न प्राथमिकता दिएर बक्यौता रकमलाई न्यूनतम तहमा झारिनु पर्छ ।

-विभिन्न प्रवर्धानात्मक र दण्डात्मक उपायहरु अपनाउनुका साथै बजारमा कर प्रशासनको उपस्थिति बढाएर सही किसिमको बिल लिनेदिने स्थिति वसाल्नुपर्छ । (लेखक कर विज्ञ हुनुहुन्छ)

# निर्वाचन शान्तिपूर्ण : अध्यक्ष ओली



काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन शान्तिपूर्णरुपमा सञ्चालन भएको बताउनु भएको छ।

आइतवार भक्तपुरको सूर्यविनायक नगरपालिका-२ बालकोटस्थित महेन्द्र शान्ति माध्यमिक विद्यालय मतदान केन्द्रमा मतदानपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उहाँले भन्नुभयो, "देशभरको अवस्था हेर्दा आमरुपमा निर्वाचन शान्तिपूर्ण र निर्वाध रुपमा भइरहेको छ, र यसै गरी सम्पन्न हुनेमा म विश्वस्त छु।"

उहाँले अर्को एक प्रसङ्गमा मङ्सिर १५ गतेभित्रै देशले एमालेको नेतृत्वमा नयाँ सरकार पाउने दाबी पनि गर्नुभएको छ। यसवर्ष मतगणना छिटो सम्पन्न हुने भएकाले मङ्सिर १५ गतेभित्रै देशले नयाँ सरकार पाउने उहाँको भनाइ छ।

अध्यक्ष ओलीले भन्नुभयो, "यो निर्वाचन देशका लागि महत्वपूर्ण निर्वाचन हो, यही निर्वाचनले देशलाई सकारात्मक बाटोमा अगाडि बढाउँछ भन्ने विश्वास गरेको छु। त्यसैले मतदान गर्न बाँकी भएका सबै मतदाताले आफूलाई मन परेको दल र नेतालाई मतदान गर्न आग्रह गर्दछु।" ओली झापा निर्वाचन क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुनुहुन्छ।

# लोकतन्त्रको सुन्दर पक्ष निर्वाचन हो : डा कोइराला

विराटनगर। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं मोरङ क्षेत्र नं ६ प्रतिनिधिसभा सदस्य उम्मेदवार डा शेखर कोइरालाले लोकतन्त्रको सुन्दर पक्ष निर्वाचन भएको बताउनुभएको छ।

डा कोइरालाले आइतवार बिहान आदर्श माध्यमिक विद्यालयमा मतदानपछि सञ्चारकर्मीसँग कुरा गर्दै अहिले भइरहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको माध्यमबाट संविधानको रक्षा, राजनीतिक स्थिरता र भ्रष्टाचार न्यूनीकरण र शासन कायम हुने धारणा राख्नुभयो।

नेता कोइरालाले कांग्रेसको नेतृत्वमा आगामी दिनमा गठबन्धनको सरकार निर्माण हुने र कांग्रेसको नेतृत्वको दाबेदारी रहने बताउनुभयो। उहाँले निर्वाचनको परिणामपछि कांग्रेस कस्को नेतृत्वमा सरकार बनाउने भन्नेमा निर्णय हुने बताउनुभयो।

निर्वाचनपछि सुशासन दिने प्रष्ट पार्दै उहाँले भन्नुभयो, "हामी पारदर्शी, जनताप्रति जवाफदेही र भ्रष्टाचार न्यूनीकरण गर्न सकेनौं भने सरकार परिवर्तन हुन्छ।"रासस

# निर्वाचनपछि गठबन्धन सरकार : अध्यक्ष दाहाल

चितवन । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निर्वाचनपछि गठबन्धनकै सरकार बन्ने दबी गर्नुभएको छ।

भरतपुर महानगरपालिका-१४ स्थित नेपाल प्रहरी स्कुल शान्तिपुर मतदान केन्द्रबाट मतदान गरेपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उहाँले संविधान, सुशासन र समृद्धिमाथि खतरा रहेसम्म गठबन्धन कायमै रहने जानकारी दिनुभयो।

"देशव्यापी रुपमा गठबन्धनको पक्षमा माहोल बनेको छ। मलाई विश्वास छ, गठबन्धनले सजिलै बहुमत ल्याउँछ। गठबन्धनकै सरकार बन्छ", उहाँले भन्नुभयो। निर्वाचनपछि बन्ने सरकारको नेतृत्वको विषयलाई वर्तमान गठबन्धन नटुट्ने उहाँले विश्वास दिलाउनुभयो।

"गठबन्धनभित्र प्रधानमन्त्रीको टुङ्गो त लगाएका छैनौं। गठबन्धनमा सल्लाह गरेर टुङ्गो लगाउँछौं", उहाँले भन्नुभयो, "प्रधानमन्त्री पदका कारण वर्तमान गठबन्धन टुट्दैन।



जबसम्म संविधानमाथि, सुशासन र समृद्धिको यात्रामा खतरा पैदा रहन्छ तबसम्म गठबन्धन रहन्छ।"

निर्वाचनले देशमा विकास र समृद्धिको नयाँ प्रक्रिया थालनी गर्ने विश्वास व्यक्त गर्नुभएको छ। सुशासन र समृद्धिका लागि परिवर्तनको वाहक दलको नेतृत्व भएमात्र मुलुकमा समृद्धि सम्भव हुने उहाँको दाबी छ। संविधान जारी भएपछिको दोस्रो निर्वाचनका रुपमा यो ऐतिहासिक महत्वको निर्वाचन भएको उहाँको भनाइ छ।

"कुन पार्टीले कति मत ल्यायो भन्नेभन्दा पनि ठूलो कूरा निर्वाचन सफलतापूर्वक सम्पन्न भयो भन्ने हो", अध्यक्ष दाहालले भन्नुभयो, "लोकतन्त्रमा आवधिक निर्वाचन महत्वपूर्ण हुन्छ। निर्वाचन सम्पन्न हुनु भनेको संविधानले यसका प्रणालीले ठीक ढङ्गले काम गर्दैछ भन्ने प्रमाण हो।"

उहाँले स्वच्छ, धाँधलीरहित र निष्पक्ष निर्वाचन सम्पन्न हुनु ठूलो कुरा भएको बताउनुभयो। "संविधानलाई संस्थागत बनाउने विषयमा यस निर्वाचनको ठूलो महत्व छ", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "संविधानमाथि नै प्रश्न चिह्न उठाउन खोज्नेहरूका लागि यो निर्वाचनमा सहभागिता पनि आफैंमा ठूलो प्रमाण पनि हो।"

आफू गोरखाबाट निर्वाचन लडे पनि चितवनको विकासमा आफ्नो ध्यान सदैव रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। "मैले चितवन छाडेको होइन, तर निर्वाचनका लागि गोरखा गएको पक्कै हो", उहाँले भन्नुभयो, "चितवनसँग मेरो सम्बन्ध टुट्ने कुरा हुँदैन।"

**माओवादी केन्द्रका अध्यक्ष प्रचण्डद्वारा मतदान**

चितवन । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चितवन जिल्लाबाट मतदान गर्नुभएको छ।

बिहान ७:१५ बजे भरतपुर महानगरपालिका-१४ स्थित नेपाल प्रहरी स्कुल शान्तिपुरको मतदान केन्द्रबाट उहाँले मतदान गर्नुभएको हो। सो अवसरमा उहाँले सञ्चारकर्मीसंग कुराकानी गर्दै गठबन्धनले निर्वाचनमा विजय प्राप्त गर्ने दावी गर्नुभयो। मतदान गरेलगत्तै उहाँगोरखा जानुभएको छ।

शान्तिपुर मतदान केन्द्रमा एक हजार सात सय सात मतदाता रहेका छन्। रासस

# अध्यक्ष तिमिल्सिनाद्वारा मतदान

पर्वत । राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पर्वतको मोदी गाउँपालिकास्थित वडा नं ७ राम्जाको पशुपति मावि 'क' केन्द्रबाट मतदान गर्नुभएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतदान पछि उहाँले निर्वाचनमा निर्भिकताका साथ




मतदान केन्द्रमा पुगेर आफ्नो मताधिकार प्रयोग गर्न सम्पूर्ण मतदातालाई आग्रह समेत गर्नुभयो। पर्वतमा मुख्य निर्वाचन अधिकृत आनन्दप्रसाद श्रेष्ठले पहिलो मतदान गरी जिल्लाभर मतदान प्रक्रियाको शुभारम्भ गर्नुभएको छ। उहाँले कुश्मा नगरपालिकास्थित कुश्मा बजारमा रहेको अस्थायी मतदान केन्द्रबाट प्रतिनिधिसभा सदस्यको समानुपातिक मतपत्रमा मतदान गरी मतदान कार्यक्रमको सुरुआत गर्नुभएको हो।

यसैगरी प्रतिनिधिसभा सदस्यका उम्मेदवार पदम गिरीले कुश्मा नगरपालिका-३ दुर्लुङको काफलचौर मावि, अर्का उम्मेदवार अर्जुनप्रसाद जोशीले कुश्मा नगरपालिका-४ मा रहेको नारायण माविवाट मतदान गर्नुभएको छ भने प्रदेशसभातर्फ क्षेत्र नं १ मा एमालेका उम्मेदवार भक्त कुँवरले मोदी गाउँपालिका-५ मा रहेको महेन्द्रशिखरी मावि बाजुङ र गठबन्धनका उम्मेदवार सुदीप कुँवरले कुश्मा-१२ ठूलीपोखरीमा रहेको जनता सुदर्शन माविबाट मतदान गर्नुभएको छ।

त्यसैगरी प्रदेशसभा क्षेत्र २ का उम्मेदवार मित्रलाल बस्यालले पैंयु-४ मा रहेको जनसेवा संस्कृति मावि हुवास मतदान केन्द्र र अर्का उम्मेदवार ऋषिकेश तिवारीले फलेवास-४ मा रहेको माटेदेवल माविबाट मतदान गर्नुभएको छ।

जिल्लामा निर्वाचनका लागि कूल ७६ मतदानस्थलका एक सय ५० मतदान केन्द्र तय गरिएका छन्। यस पटकको निर्वाचनमा पर्वतमा ६० हजार छ सय ५१ पुरुष र ६१ हजार नौ सय ९८ महिला गरी कूल एक लाख २२ हजार छ सय ४९ मतदाता रहेका छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालयसहितको सुरक्षा संयन्त्रले पर्वतमा ३५ मतदानस्थल अतिसंवेदनशील, ३१ मतदानस्थल संवेदनशील र १० मतदानस्थललाई सामान्य सूचीमा वर्गीकरण गरेको छ।रासस

# पूर्वप्रधानमन्त्री डा भट्टराई र पूर्वउपप्रधानमन्त्री श्रेष्ठद्वारा मतदान

गोरखा । पूर्व प्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले गोरखा क्षेत्र नं २ अन्तर्गत पालुङटार नगरपालिकाको खोप्लाङस्थित अन्नपूर्ण माध्यामिक विद्यालयमा रहेको मतदान केन्द्रबाट मतदान गर्नुभएको छ।

डा भट्टराईले आइतवार बिहान करिब ११:३० बजे प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मतदान गर्नुभएको हो।


त्यस्तै पूर्व उपप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि गोरखाको सिरानचोक गाउँपालिकास्थित परोपकार आदर्श माध्यामिक विद्यालयको मतदान केन्द्रमा पुगेर मतदान गर्नुभएको छ। बिहान ७:४९ बजे श्रेष्ठले मतदान गर्नुभएको उहाँका स्वकीय सचिव सुरेशकाजी श्रेष्ठले जानकारी दिनुभयो।

श्रेष्ठ मतदानका लागि शनिबार नै गोरखा आइपुग्नु भएको थियो। त्यस्तै पूर्व स्थानीय विकासमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सचिव हितराज पाण्डेले पनि गृहजिल्ला गोरखाको पालुङटार नगरपालिका पौवाटारस्थित बीरभद्र प्राथामिक विद्यालयको (ख) मतदान केन्द्रबाट मतदान गर्नुभएको छ।

गोरखा क्षेत्र नम्बर २ प्रतिनिधिसभा सांसद हरिराज अधिकारीले गण्डकी गाउँपालिकाको दर्बुङको भगवती माध्यामिकस्थित मतदान केन्द्रबाट मतदान गर्नुभएको छ।रासस

## अर्थमन्त्री शर्माद्वारा मतदान

# अध्यक्ष नेपालद्वारा मतदान



रौतहट । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले रौतहटको रामजानकी कन्या आधारभूत विद्यालय मतदान केन्द्रबाट मतदान गर्नुभएको छ।

रौटहट क्षेत्र नं १ का उम्मेदवारसमेत रहनुभएका उहाँले गौर नगरपालिका-२ स्थित रामजानकी आधारभूत विद्यालय मतदान केन्द्रबाट मतदान गर्नुभएको हो।

नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले लम्जुङको सुन्दरबजार नगरपालिका-८ को भारती सदन मावि मतदान केन्द्रबाट मतदान गर्नुभएको छ।

काठमाण्डु। प्रमुख राजनीतिक दलका उम्मेदवारले मतदान गर्नुभएको छ। प्रतिनिधिसभा र प्रदेशसभाका आज आज देशभर मतदान भइरहेको छ। मतदान आज बिहान ७ बजेदेखि शुरु भएको हो।

यसैक्रममा अर्थमन्त्री जनार्दन शर्माले आइतवार बिहान ७ बजे यमुना नन्द नमूना माध्यामिक विद्यालय मतदान केन्द्र मुसिकोट नगरपालिका-५ सेरीगाँउ रुकुमपश्चिम मतदान केन्द्रबाट मतदान गर्नुभएको छ। उहाँ वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट रुकुमपश्चिममा उम्मेदवार हुनुहुन्छ।

नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सिरानचोक गाउँपालिका-८ जौबारीको परोपकार आर्दश मावि क मतदान गर्नुभयो। सोही पार्टीका उपाध्यक्ष कृष्णबहादुर महराले रोल्पा नगरपालिका लिवाङ-१ को वामरुपकस्थित तारा मावि रोल्पामा आज बिहान ७:३० मा मतदान गर्नुभयो।

सोही पार्टीका उपमहासचिव शक्तिबहादुर बस्नेतले भेरी नगरपालिका १ स्थित बागेश्वर आधारभूत विद्यालयमा मतदान गर्नुभएको छ। सोही पार्टीका उपमहासचिव वर्षमान पुनले रोल्पा नगरपालिका-७ स्थित बालउदय मावि माडीचौर मतदान केन्द्रमा मतदान गर्नुभयो। उहाँ रोल्पाबाट वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट उम्मेदवार हुनुहुन्छ।

नेकपा (एमाले) का उपाध्यक्ष सुरेन्द्र पाण्डेले चितवन क्षेत्र नं १ को राप्ती-५ भण्डारा अस्पताल मतदान केन्द्रबाट मतदान गर्नुभयो। उहाँ चितवन क्षेत्र नं १ मा एमालेका तर्फबाट उम्मेदवार हुनुहुन्छ। सोही पार्टीका सचिव योगेश भट्टराईले मैवाखोला गाँउपालिकास्थित नारायणी मावि मतदान केन्द्रमा पहिलो मतदान गर्नुभयो। उहाँ ताप्लेजुङमा एमालेका उम्मेदवार हुनुहुन्छ।

नेकपा (एकीकृत समाजवादीका सचिव रामकुमारी झाक्रीले गुल्मीको मदाने गाँउपालिका-४ म्यालपोखरीको मेहलपोखरी मावि मतदान केन्द्रमा ले मतदान गर्नुभएको छ।

वाम लोकतान्त्रिक गठबन्धनको समर्थन रहेको स्वतन्त्र उम्मेदवार घनश्याम भुसालले आज बिहान तिलोत्तमा नगरपालिका-९ को गौतमबुद्ध आधारभूत विद्यालयमा मतदान गर्नुभयो। उहाँ रुपन्देही १ मा स्वतन्त्र उम्मेदवार हुनुहुन्छ। रासस

# झापामा सिटौला, शर्मा र लिङ्देनद्वारा मतदान

झापा । आइतवार भइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन अन्तर्गत झापामा उत्साहजनक रुपमा मतदान भइरहेको छ।

आइतवार बिहानैदेखि मतदान केन्द्रमा लामबद्ध भएर मतदाताले मतदान गरिरहेका छन्। सोही क्रममा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौला, कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले मतदान गर्नुभएको छ।



नेता सिटौलाले बिहान ७:२० बजे भद्रपुर नगरपालिका-१० स्थित कलवलगुडी आधारभूत विद्यालयको (क) मतदान गर्नुभयो। झापा क्षेत्र नं ३ मा प्रतिनिधिसभा सदस्य उम्मेदवार उहाँले झापा क्षेत्र नं १ मा मतदान गर्नुभएको हो।

त्यस्तै, कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले मेचीनगर-९ स्थित कविशिरोमणि मावि मतदान केन्द्रमा मतदान गर्नुभएको छ। झापा क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्य उम्मेदवार उहाँले बिहान ९:०७ बजे मतदान गर्नुभएको हो।

यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले हल्दिबारी गाउँपालिका-१ स्थित वडा कार्यालयमा मतदान गर्नुभएको छ। झापा क्षेत्र नं ३ का उम्मेदवार लिङ्देनले साइत हेरेर ११:३० बजे मतदान गर्नुभएको हो।

झापा जिल्लामा पाँच वटा प्रतिनिधिसभा र १० वटा प्रदेशसभा सदस्यका लागि छ लाख ६३ हजार तीन सय ११ जना मतदाताले मतदान गर्दैछन्। जसमा तीन लाख ३१ हजार ४४ जना पुरुष, तीन लाख ३२ हजार दुई सय ५९ महिला र अन्य आठ जना मतदाता छन्। जिल्लामा दुई सय ८५ वटा मतदानस्थल रसात सय ६८ मतदान केन्द्र छन्।रासस

# महासचिव पोखरेलद्वारा मतदान

दाङ।नेकपा एमालेका महासचिव एवं दाङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार शङ्कर पोखरेलले मुलुकमा राजनीतिक ध्रुविकरण अपरिहार्य भएको बताउनुभएको छ।

आइतवार तुलसीपुर १८ विजौरीस्थित जनता संस्कृत माविमा मतदानपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उहाँले भन्नुभयो, "मुलुकमा राजनीतिक ध्रुविकरण अपरिहार्य भइसकेको छ, किनकी राजनीतिक परिवर्तनका लागि दलहरु बीच सहकार्य जरुरी हुन्थ्यो।"

विकास र समृद्धिका लागि बलियो राष्ट्रिय शक्तिको आवश्यकता पर्ने र आफूहरु बलियो राष्ट्रियशक्ति निर्माणको अभियानमा रहेको उहाँको भनाइ छ। उहाँले निर्वाचनले मुलुकलाई नयाँ दिशातर्फ डोऱ्याउनेमा आफू विश्वस्त रहेको बताउनुभयो।

**इलाम-२ मा नेम्वाङ र खड्काद्वारा मतदान**

मङ्गलबारे । नेकपा एमालेका उपाध्यक्ष तथा इलाम क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार सुवासचन्द्र नेम्वाङले मतदान गर्नुभएको छ। संविधानसभाका अध्यक्षसमेत रहनुभएका उहाँले विहान ८ बजे इलाम नगरपालिका-७ स्थित महेन्द्र रत्न बहुमुखी क्याम्पस मतदान केन्द्रमा मतदान गर्नुभएको हो।

त्यसैगरी नेम्वाङका प्रतिस्पर्धी समेत रहनु भएका नेपाली कांग्रेसका उम्मेदवार डम्बर बहादुर खड्काले पनि सोही मतदान केन्द्रमा मतदान गर्नुभएको छ। खड्का पाँच दलीय गठबन्धनतर्फबाट उम्मेदवार हुनुहुन्छ। उहाँले विहान ७ बजे मतदान गर्नुभएको हो।

**९२ वर्षे तरमै महर्जनद्वारा मतदान**

काठमाण्डु । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि आइतवार जारी मतदानमा कीर्तिपुर निवासी ९२ वर्षे तरमै महर्जनले मतदान गर्नुभएको छ।

कीर्तिपुर वडा नं ९ स्थित नेपाल टेलिकम कार्यालयमा रहेको मतदान केन्द्रमा उहाँले मतदान गर्नुभएको हो। महर्जन मतदानपछि निकै उत्साही हुनुभयो। "हामीलाई भोट हाल्ने अधिकार छ, भोट हाल्नै पऱ्यो", उहाँले भन्नुभयो, "यो उमेरमा पनि भोट दिन पाउँदा राम्रो लागेको छ।"

उहाँले छोराको सहयोगमा आइतवार विहान मतदान गर्नुभएको हो। उहाँले मतदान केन्द्रमा पहिले जस्तो मानिसको भिड नदेखेको बताउनुभयो। उहाँले गत स्थानीय तहको निवार्चनमा पनि मतदान गर्नुभएको थियो।

**वरिष्ठ नेता पौडेलद्वारा मतदान**

दमौली । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले व्यास नगरपालिका-२ स्थित सत्यवती मावि (ख) मतदान केन्द्रबाट मतदान गर्नुभएको छ।

तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार नेता पौडेलले सो अवसरमा सञ्चारकर्मीसंग कुराकानी गर्दै निर्वाचनले लोकतन्त्रलाई सुदृढ बनाउने बताउनुभएको छ।

**ऊर्जामन्त्री भुसालले गर्नुभयो मतदान**

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले ललितपुर महानगरपालिका-२ स्थित राजतीर्थ मतदान केन्द्रबाट मतदान गर्नुभएको छ।

वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट उहाँ ललितपुर क्षेत्र नं ३ को उम्मेदवार हुनुहुन्छ। सो अवसरमा उहाँले लोकतन्त्रको अभ्यास गर्ने महत्वपूर्ण नमूनाको रुपमा मतदानलाई लिनुपर्ने टिप्पणी गर्नुभयो।

# उत्साह र शान्तिपूर्ण वातावरणमा मतदान भइरहेकोछ : पूर्वप्रमुख आयुक्त

काठमाण्डु । प्रतिनिधिभा र प्रदेशसभा सदस्यका लागि आइतवार भइरहेको मतदान उत्साह, व्यवस्थित र शान्तिपूर्ण वातावरणमा भइरहेको छ।

आमनिर्वाचन पर्यवेक्षण समितिका तर्फबाट निर्वाचन पर्यवेक्षणमा रहनुभएका पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले व्यवस्थित र शान्तिपूर्ण ढङ्गबाट मतदान भइरहेको पाइएको बताउनुभयो।

सप्तरी जिल्लामा निर्वाचनको पर्यवेक्षणमा रहनुभएका अर्का पूर्वप्रमुख आयुक्त डा अयोधिप्रसाद यादवले उत्साहित र व्यवस्थितरुपमा पङक्तिबद्ध भएर मतदाता मतदानको अधिकार प्रयोग गरिरहेको प्रतिक्रिया दिनुभयो।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले बिहान सबेरैदेखि मतदाता लाइनमा बसेर मतदानमा भाग लिइरहनुभएको बताउनुभयो। उहाँले भन्नुभयो, "शान्त वातावरणमा मतदान सञ्चालन भइरहेको छ, मतदाता उत्साहित छन्, कतिपय मतदानस्थलमा मतदाता बिहान सबेरैदेखि मतदानका लागि लाइनमा बसेको देखिन्थ्यो।"

चिसो मौसमका कारण कतिपय मतदानस्थलमा बिहान ८ बजेदेखि मात्रै मतदाताको उपस्थिति बाग्लो भएको देखियो।

पूर्वअध्यक्ष रेग्मीद्वारा मतदान

यसैबीच, मन्त्रिपरिषदका पूर्वअध्यक्ष खिलराज रेग्मीले काठमाडौं पुरानो बानेश्वरस्थित सानो गौचरण पार्क मतदान केन्द्रबाट बिहान ९:४५ बजे मतदान गर्नुभएको छ। मतदानपछि रासससँग कुराकानी गर्दै उहाँले देशको भाग्य र भविष्य निर्माण गर्ने मतदानमा भाग लिन सम्पूर्ण मतदातालाई आग्रह गर्नुभयो।

**रोजगार बनौ । Admission Open रोजगार बनौ ।।**

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

- ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

- बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
- सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
- सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यून्तम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस्।

**फारम भर्ने अन्तिम मितिः–** २०७९/मंसिर/०८ गते सम्म

**पुनः प्रवेश परीक्षा हुने मितिः–** २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम

फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४



कतारले आयोजना गरेका फिफा विश्व कप फूटवल प्रतियोगिता मनाउन फूटवल समर्थकहरु फिफा विश्वकप फुटबल प्रतियोगिता मनाउन हस्तनिर्मित आकाश लालटेन जारी गर्दै ।

*तस्विर : एएफपी*

# बेन्जेमा विश्वकपबाट बाहिर



**एजेन्सी**

फ्रान्स । फ्रान्सका स्ट्राइकर करिम बेन्जेमा कतारमा आयोजना हुने विश्वकपबाट बाहिरिएका छन् । प्रशिक्षणका दौरान उनको खुट्टामा चोट लागेपछि उनले प्रतियोगितामा सहभागिता जनाउन नपाउने भएका हुन् ।

सन् २०२२कोबालोनडि'ओर विजेता बेन्जेमालाई गुमाउँदै साबिक विजेता फ्रान्सलाई प्रतियोगिताको सुरुमा नै ठुलो झट्का लागेको छ। फ्रान्सको राष्ट्रिय टोलीले उनको खुट्टाको फिलाको मांशपेसीमा चोट लागेको र उनलाई निको हुन तीन हप्ता लाग्ने जानकारी दिएको छ । टोलीले उनको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ।

मुख्य प्रशिक्षक डिडिएर डेस्च्याम्पले सोमबारसम्म उनको स्थानमा नयाँ खेलाडीलाई छनोट गर्नुपर्नेछ । बेन्जेमाले फ्रान्सका लागि उनले ९७ खलमा ३७ गोल गरेका छन् । फ्रान्सले यसअघि पाउल पोग्बा र एनगोलो कान्टेलाई गुमाइसकेको छ भने राफायल भरान पनि चोटबाट मुक्त हुन संघर्षरत छन् ।

फ्रान्स विश्वकपको समूह डीमा रहेको छ । टोलीले पहिलो खेल नोभेम्बर २२ का दिन अस्ट्रेलियाविरुद्ध खेल्नेछ । समूहमा डेनमार्क र ट्यूनिसिया पनि रहेका छन् ।

# युद्धको निन्दा गर्दै खुला व्यापार प्रवर्द्धनमा एपेक नेतृत्वको जोड

**एपी**

ब्याङकक । एशिया-प्रशान्त क्षेत्रका नेताहरूले युक्रेन युद्ध अन्त्यको आह्वान गर्दै यस क्षेत्रको दिगो आर्थिक उन्नयन तथा खुला व्यापार प्रवर्द्धनका निम्ति काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) का प्रमुख कार्यकारी अधिकृतहरूको शिखर सम्मेलन समापनका अवसरमा सम्मेलन आयोजक देश थाइल्याण्डले युक्रेनमाथि रुसले गरेको आक्रमणको निन्दा गरेको जनाएको छ । एक्काइस सदस्यीय एपेकका सदस्य चीन र रुस पनि हुन् । यद्यपि चीनले रुसी आक्रमणको आलोचना गरेको छैन।



शिखर सम्मेलन समाप्तिपछि जारी घोषणापत्रमा युद्धका बारेमा एपेक नेतृत्वको मत बाझिएको छ । एपेकले आर्थिक सम्बन्ध विस्तार र व्यापार प्रवर्द्धनलाई नै जोड दिएको तथा एपेक द्वन्द्व समाधानको मञ्च नभएको जनाइएको छ । मञ्चले युद्ध र द्वन्द्वबाट आर्थिक विकासका मार्गमा अकल्पनीय परिणाम ल्याउन सक्नेतर्फ सचेत गराएको छ।

एपेकका अधिकांश सदस्यले युक्रेनमाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गरेका थिए । युक्रेन युद्धले ठूलो मानवीय पीडा निम्त्याएको, विश्व बजारमा महँगी बढेको, आपूर्ति शृङ्खलामा समस्या उत्पन्न भएको, खाद्य असुरक्षा र वित्तीय जोखिम निम्त्याएकामा गम्भीर चिन्ता व्यक्त गरेका थिए।

यसअघि इन्डोनेसियाको बालीमा भएको विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टीले पनि संयुक्त राष्ट्रसङ्घीय महासभाले प्रस्तुत गरेको प्रस्तावप्रति समर्थन जनाउँदै युक्रेनविरुद्ध रुसले गरेको आक्रमणको निन्दा गरेको थियो। उक्त अन्तरसरकारी समूहले युक्रेनी भूभाग रुसले विनाशर्त फिर्ता गर्नुपर्नेमा जोड दिएको थियो ।

सम्मेलन समापनका क्रममा दक्षिणपूर्वी एशियाली देशमा भएका घटनाको समीक्षा पनि भएको थियो । कोभिड-१९ को महामारीका कारण दुई वर्षसम्म आमनेसामने वार्ताको अवसर नपाएका नेताले 'साइड लाइन' वार्तामा क्षेत्रीय र अन्तर्राष्ट्रि चासोका विविध विषयमा विचारविमर्श गरेका थिए।

शिखर सम्मेलन समापन समारोहलाई सम्बोधन गर्दै चीनका राष्ट्रपति सी चिनफिङले खुला व्यापार र लगानीका निम्ति आह्वान गर्नुभएको थियो। उहाँले बहुपक्षीयतालाई वास्तविक रुपमा कायम राख्नुपर्ने, बहुपक्षीय व्यापार प्रणालीको रक्षा गर्नुपर्ने, विधिमा आधारित बहुपक्षीय व्यापार प्रणालीको संरक्षण गर्न तथा विश्वव्यापी औद्योगिक एवम् आपूर्ति शृङ्खलालाई सुरक्षित एवम् स्थिर राख्न साझा प्रयास हुनुपर्नेमा विशेष जोड दिनुभएको थियो।

# पश्चिमाहरूले 'पाखण्ड' देखाएको फिफा अध्यक्षको आरोप

**एजेन्सी**

कतार । फिफाका अध्यक्ष जियानी इन्फान्टिनोले पश्चिमा राष्ट्रहरूले कतारको मानव अधिकारको अवस्थाबारे रिपोर्टिङ गर्दा 'पाखण्ड' देखाएको आरोप लगाएका छन् ।

विश्वकपको पूर्वसन्ध्या दोहामा आयोजित पत्रकार सम्मेलनमा करिब एक घण्टा बोलेका इन्फान्टिनोले कतार र प्रतियोगिताको पक्षमा तर्क प्रस्तुत गरेका थिए।



पश्चिमा राष्ट्रहरूले आप्रवासी कामदारको निधन र समलिंगीहरुप्रति गरिने व्यवहारका लागि कतारको आलोचना गरिरहेका छन् । इन्फान्टिनोले भने कतारको आलोचना गर्नुभन्दा पहिले युरोपियन राष्ट्रहरूले इतिहासमा गरेका आफ्नो गल्तीहरूका लागि माफी माग्नुपर्ने जिकिर गरे ।

कतारले विश्वकपको आयोजना गर्ने अनुमति पाएयता कतारमा भारत, पाकिस्तान, नेपाल, बंगलादेश र श्रीलंकाका ६ हजार ५ सय बढी कामदारको मृत्यु भएको रिपोर्ट द गार्जियनले प्रकाशित गरेको थियो।

तर कतार सरकारले भने यी सबै सङ्ख्या विश्वकपसँग सम्बन्धित परियोजनासँग नजोडिएको दाबी गरेको छ। सन् २०१४ देखि २०२० सम्म स्टेडियमको निर्माण क्षेत्रमा मात्र ३७ जना श्रमिकको मृत्यु भएको कतारको सरकारको भनाई छ । अन्तर्राष्ट्रिय श्रमिक संगठनले भने यस तथ्याङ्कलाई अस्वीकार गरेको छ।

# जलवायु सम्मेलनवाट क्षतिपूर्ति कोष स्थापना

**एपी**

शर्म एल-शेख । गत कात्तिक २० गतेदेखि यहाँ शुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन हरितगृह ग्यास उत्सर्जन घटाउन असफल भएपनि उत्सर्जनका कारण प्रभावित निर्धन राष्ट्रलाई क्षतिपूर्ति उपलव्ध गराउने कोष स्थापना गर्न सफल भएको छ।

नवस्थापित कोषलाई गरिब राष्ट्रहरूले आफ्नो जितका रूपमा लिएका छन् । कोषबाट बाढी, खडेरी, आँधीलगायत जलवायुजन्य क्षतिको शिकार बनेका देशलाई सहायतास्वरुप रकम भुक्तानी हुनेछ। साना टापु राष्ट्र समुद्री सतह बढेका कारण जलवायु परिवर्तनको चरम चपेटामा परेका छन् । कोष स्थापनापछि टुभालुका अर्थमन्त्री सेभ पेनिउले तीन दशक लामो सङ्घर्षपछि विश्वका करोडौं मानिसलाई न्याय मिलेको तथा क्षति सम्बोधनमाा मद्दत पुगेको बताएका छन्भने पाकिस्तानका वातावरणमन्त्री शेरी रहमानले कोष दान दिने परोपकरी निकाय नभएको टिप्पणी गरेका छन् ।

त्यसअघि सम्मेलनमा उपस्थित सबै देशका प्रतिनिधिले कोष स्थापनासम्बन्धी प्रस्ताव पारित भएपछि त्यसको स्वागत गरेका थिए। कोष स्थापनाका निम्ति दिनभर प्रतिनिधिहरूबीच माथापच्ची भएको थियो । कोष स्थापनासँगै संयुक्त राज्य अमेरिका, चीन, भारत, युरोपेली सङ्घमा आवद्ध औद्योगिक राष्ट्र समूहले क्षतिपूर्ति रकम कोषमा जम्मा गर्नुपर्नेछ । आजै कोप -२७ समापनको घोषणा हुनेछ। कोप-२७ अध्यक्ष इजिप्टका राष्ट्रपतिले अर्को सम्मेलन आयोजना गर्ने मुलुक संयुक्त अरब इमिरेट्सलाई अध्यक्षता हन्तान्तरण गर्नुहुनेछ ।

# ट्रम्पको ट्विटर आइतबारदेखि पुनः सञ्चालनमा

**एएनआई**

वाशिङ्गटन । अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको ट्विटर खाता आइतबारदेखि पुनः सञ्चालनमा आएको छ ।

इलोन मस्कले आइतवार ट्रम्पको ट्विटर एकाउन्ट पुनःस्थापना गरेको पुष्टि गरेका छन्। "मानिसहरूले बोलेका छन्। ट्रम्पलाई पुनर्स्थापित गरिनेछ। भोक्स पोपुली, भोक्स देई," मस्कले ट्वीट गरेका छन् ।

भोक्स पोपुली, भोक्स देई, ल्याटिन वाक्यांश हो जसको अर्थ "जनताको आवाज ईश्वरको आवाज हो।" भन्ने हुन्छ।

यसैबीच मस्कको घोषणापछि ट्रम्पको एकाउन्ट ट्विटरमा पुनः देखा परेको छ ।

पूर्वराष्ट्रपति ट्रम्पको अवरुद्ध ट्विटर खाता शनिबार प्लेटफर्ममा पुनः देखा परेको ट्वीटर कम्पनीका मालिक एलोन मस्कले पुष्टि गरेका छन् ।

हिंसा भड्काएको आरोपमा पूर्व राष्ट्रपतिमाथिको २२ महिनाको ट्वीटर खाता निलम्बन गरिएको थियो ।

ट्विटरका सीईओ मस्कले माइक्रोब्लगिङ वेबसाइटका प्रयोगकर्ताहरूलाई हिंसा भड्काएको आरोपमा आजीवन प्रतिबन्ध लगाइएका ट्रम्पको खाता पुनर्स्थापना गर्ने कि नगर्ने भन्नेमा मतदान गर्न आग्रह गरेका थिए ।

सर्वेक्षणका अनुसार सो घोषणाको १ घण्टामै १ करोड ५० लाखभन्दा बढी ट्विटर प्रयोगकर्ताले ट्रम्पको पक्षमा मतदान गरेका थिए ।

# दक्षिण सुडानको हिंसाप्रति संयुक्त राष्ट्रसङ्घको चासो

**सिन्ह्वा**

जुबा। दक्षिण सुडानमा जारी रहेको हिंसाप्रति संयुक्त राष्ट्रसङ्घले चासो व्यक्त गरेको छ । संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानको अपर नाइल राज्यमा सुरु भएको पछिल्लो हिंसा निकै चिन्ताजनक रहेको भन्दै त्यसप्रति चासो व्यक्त गरेको हो ।

अपर नाइलको फासोदा जिल्लामा यहाँका सिलक सशस्त्र समूह र नुइर विद्रोही समूहका बीचमा केही दिन यतादेखि हिंसा सुरु भएको बताइएको छ। संयुक्त राष्ट्रसङ्घले सो हिंसाका कारण यस क्षेत्रको वरपरका नगरहरुमा पनि असर गरेको त्यहाँका नागरिकहरु घर छोडेर भाग्ने क्रम बढ्दै गएकाले सो हिंसा रोक्न सबै पक्षका आवश्यक सहयोग र समन्वयको अपेक्षा गरिएको जनाएको छ।

गएको अगष्ट महिनामा यहाँका स्थानीय कैयौं हिंसात्मक समूहहरुका कारण ठूलो सङ्ख्याका मानिसहरु पनि विस्थापित हुन पुगेका भन्दै यसबाट यहाँका नागरिकमा त्रास बढेको बताइएको छ।

संयुक्त राष्ट्रसङ्घले सो हिंसामा परेर यहाँका सयौं मानिस मारिएका छन् भने हजारौं जना विस्थापित भएका छन् । विस्थापित व्यक्तिहरुको बसोबासको अवस्था नरहेको र उनीहरु देशभित्रै शरणार्थी बनिरहेकाले हिंसा रोक्नेतर्फ पहल हुनुपर्ने बताएको छ।

दक्षिण सुडानी सुरक्षा निकायहरुले यहाँको हिंसा रोक्ने प्रयत्न गरेका भए पनि धेरै युवाहरुको संलग्नता विद्रोही समूहहरुमा रहेका र उनीहरुले निकै क्रुर हिंसामा संलग्न हुदै गएकाले समस्या उत्पन्न भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

दक्षिणी सुडानमा रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनले यहाँको हिंसाको अन्त्यका लागि सबैसँग आग्रह गरेको हो । ती विद्रोही समूहहरुलाई हिंसात्मक आक्रमणको काम तत्कालै रोकेर शान्तिपूर्ण वार्ताका माध्यमबाट सबै समस्याको समाधान गर्न आग्रह गरेको हो।

# अमेरिकाको रात्रि क्लबमा गोली चल्दा ५ जनाको मृत्यु, १८ घाइते

**सिन्ह्वा**

लस एन्जलस। संयुक्त राज्य अमेरिकाको कोलोराडो राज्यस्थित रात्रि क्लबमा आइतबारभएकोगोलीकाण्डमा कम्तीमा पाँच जनाको मृत्यु हुनाका साथै अन्य १८ जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ। घटना राति ११:५७ बजे भएको थियो। उक्त क्लबस्थिर शहर राज्यकै दोस्रो-सबैभन्दा बढी जनसङ्ख्या भएको शहर हो ।

उक्त क्लब समलिङ्गी नाइट क्लब भएको जनाइएको छ। घटनाको विस्तृत विवरण सार्वजनिक हुन बाँकी छ।

# विमान दुर्घटना हुँदा चार जनाको मृत्यु

**सिन्ह्वा**

सान फ्रान्सिस्को। संयुक्त राज्य अमेरिकाको वाशिंगटन राज्यको स्नोहोमिश काउन्टीको हार्वे फिल्ड एयरपोर्टको पूर्वमा जमिनमा एक सानो विमान दुर्घटना भएको छ । दुर्घटनामा परी चार जनाको मृत्यु भएको अनुसन्धानकर्ताहरुले घोषणा गरेका छन् ।

सेस्ना २०८ बी विमान रेन्टनबाट उडेको करिब एक घण्टापछि दुर्घटना भएको हो । शनिबार बिहान स्नोहोमिश काउन्टी शेरिफको कार्यालयले विमानमा सवार सबै चार जनाको मृत्यु भएको पुष्टि गरेको थियो । स्नोहोमिश काउन्टी मेडिकल परीक्षकले पीडितहरूको पहिचान गरिरहेको छ । दुर्घटनाको राष्ट्रिय यातायात सुरक्षा बोर्ड र सङ्घीय उड्डयन प्रशासनद्वारा अनुसन्धान भइरहेको छ।

# वासिङ्टनमा विमान दुर्घटना, ४ जनाको मृत्यु

**सिन्ह्वा**

सान फ्रान्सिस्को । अमेरिकी राज्य वासिङ्टनको स्नोहोमिश काउन्टीस्थित हार्भे फिल्ड एयरपोर्टको नजिक दुर्घटना हुँदा शुक्रबार चार जनाको मृत्यु भएको छ। सेस्ना २०८ बी विमान रेन्टनबाट उडेको करिब एक घण्टापछि दुर्घटना भएको हो ।

शनिबार बिहान स्नोहोमिश काउन्टी शेरिफको कार्यालयले विमानमा सवार सबै चार जनाको मृत्यु भएको पुष्टि गरेको छ। स्नोहोमिश काउन्टी मेडिकल परीक्षकले पीडितहरूको पहिचान गरिरहेको छ। साथै यस दुर्घटनाको राष्ट्रिय यातायात सुरक्षा बोर्ड र संघीय उड्डयन प्रशासन द्वारा अनुसन्धान जारी छ।

फेडरल एभिएसन एडमिनिस्ट्रेशन वेबसाइटका अनुसार आइडेन्टिफायर टेल नम्बर एन २०६९ बी भएको दुर्घटनाग्रस्त विमान अलास्काको कपर माउन्टेन एभिएसनको स्वामित्वमा रहेको बताइएको छ।

# इरानमा बालबालिकाको मृत्युप्रति युनिसेफको चिन्ता

**एएनआई**

न्युयोर्क । इरानमा जारी विरोध प्रदर्शनका क्रममा बालबालिकाको मृत्यु भएको विषयलाई लिएर संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले गम्भीर चिन्ता व्यक्त गरेको छ।

इरानमा जारी विरोधक्रममा ५० जना बालबालिकाले ज्यान गुमाएका युनिसेफद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

इरानमा दुई महिनाभन्दा बढी समयदेखि जारी अशान्तिप्रति युनिसेफ, एम्नेस्टी इन्टरनेशनल र अन्य मानवअधिकारवादी सङ्घसंस्थालेबालबालिकाविरुद्धको अपराध र मानवअधिकार उल्लङ्घनमा कारबाही गर्न माग गरेका छन् ।

इरानमा बालबालिकाको हत्या भएको, विभिन्न घटनामा उनीहरू घाइते भएका तथा कुनै गम्भीर कसुरमा दोषी नहुँदा पनि हिरासतमा लिइएकामा युनिसेफ गहिरो चिन्ता व्यक्त गरेको छ। गत बुधवार सात जना बालबालिका मारिएका थिए । मारिनेमा एक जना १० वर्षका बालक रहेका बताइएको छ।

आफ्ना मातापितासँग कारमा यात्रा गरिरहेको ती बालकको गोली हानी हत्या गरिएको थियो। उनका बुबा गोली लागेर घाइते भएका उनकी आमाले सञ्चार माध्यमलाई बताएकी जनाइएको छ।

इरानी मानव अधिकार समूहकाअनुसार प्रदर्शन सुरु भएदेखि कम्तीमा तीन सय ७८ जना मारिएका छन्।



मतदानका दिन आइतबार बबरमहलस्थित सडकमा मजदुरी गर्दै बर्दिया ठाकुरद्वार-९ का गोरखबहादुर कार्की । *तस्बिरः रासस*

# टेलिकमले ल्यायो विश्वकप फुटबल प्याकेज

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल टेलिकमले एनटिटिभी ग्राहकका लागि विश्वकप फुटबल प्याकेज ल्याएको छ।

मंसिर ४ गते देखि हुने विश्वकप हेर्न आफ्ना ग्राहकका लागि प्याकेज उपलब्ध गराउन लागेको टेलकमका प्रवक्ता शोभन अधिकारीले जानकारी दिए।

अहिले विश्वकप हेर्न निर्धारित करसहितको शुल्क ५६५ रुपैयाँ छ। एनटिटिभीका ग्राहकले कम्पनीको ग्राहक सेवा केन्द्रमा नगएर घरबाटै उक्त प्याकेज खरिद गर्न सक्ने टेलिकमले जनाएको छ। प्याकेज खरिद गर्न हिमालयन एचडी टेलिभिजन च्यानलमा गएर 'बाई प्याकेज'मा क्लिक गर्नुपर्ने हुन्छ। त्यसमा आफ्नो मोबाइल नम्बर हाल्नुपर्ने हुन्छ।

नम्बर हालेपछि टेलिकमले पठाएको ओटिपीको प्रयोग गरी प्याकेज गरिद गर्न सकिनेछ।

सेवा खरिद गर्दा ग्राहकको मोबाइल ब्यालेन्सबाट रकम काटिनेछ। उक्त प्याकेज खरिद गर्न प्रयोग भएको नम्बरमा कम्पनीको तर्फबाट २८ दिनसम्म प्रयोग गर्न सकिने १२ जिबी डाटा समेत निशुल्क उपलब्ध गराइने प्रवक्ता अधिकारीले बताए। ग्राहकले उक्त प्याकेज लिन ५६५ रुपैयाँ नजिकैको ग्राहक सेवा केन्द्रमा गएर पनि बुझाउन सकिने जनाएको छ।

# निफ्राले ऋणपत्र निष्कासन गर्ने, धितोपत्र बोर्डबाट पायो अनुमति

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) ले ऋणपत्र निष्कासन गर्ने भएको छ।




कम्पनीले नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन) बाट ५ अर्ब रुपैयाँ बराबरको ऋणपत्र निष्कासन गर्नका लागि कात्तिक २४ गते अनुमति पाएको हो। कम्पनीले ५० लाख कित्ता ऋणपत्र निष्कासन गर्न धितोपत्र बोर्डबाट अनुमति पाएको हो।

कुल कित्तामध्ये कम्पनीले २० लाख कित्ता सर्वसाधारणको लागि र ३० लाख कित्ता ऋणपत्र व्यक्तिगत तबरबाट बिक्री गर्नेछ।

कम्पनीले सात वर्ष अवधिको वार्षिक सात प्रतिशत ब्याजदरको निफ्रा ऊर्जा ऋणपत्र २०८५/८६ निष्कासन गर्ने भएको हो। कम्पनीको बिक्री प्रबन्धकमा एनआइबिएल एस क्यापिटल लिमिटेड रहेको छ।

# धान पकेट क्षेत्रकै बासिन्दा आयातित चामलमा निर्भर

डुम्रे । तनहुँको व्यास नगरपालिका-८ बर्लाचीका ८१ वर्षीय अग्रज किसान विष्णुप्रसाद ओझालाई बजारबाट किनेर ल्याएको चामलको भातको स्वाद पटक्कै मनपर्दैन। आफ्नै खेतमा उब्जेको धानको भात खाँदै आउनु भएका उहाँ अहिले बजारको चामलको स्वाद मन नपरे पनि खानुपर्ने बाध्यता रहेको बताउनुहुन्छ।

पहिले गाउँमा एउटा घरमा मसिनुको चामल पाक्दा गाउँभर नै बास्ना थाहा हुने गरेको सम्झँदै उहाँ भन्नुहुन्छ, "पहिले चामलको स्वाद गुलियो हुन्थ्यो। अहिले स्वाद नै फरक छ। अहिलेको धानबाट आएको चामलको गुलियोपन छैन।" प्राङ्गारिक मल प्रयोग खेतीपातीमा गर्ने प्रचलन नै हराएको उहाँ बताउनुहुन्छ। विगतमा प्राङ्गारिक मल र गाईवस्तुको मल हाल्दा उत्पादन राम्रो हुनुका साथै स्वादिलो हुने गरेको उहाँको भनाइ छ।



ओझा भन्नुहुन्छ, "ढिँकी, जाँतोमा कुटानीपिसानी गर्ने भएकाले पनि स्वादिलो हुन्थ्यो। अहिले विद्युतीय मेसिनमा कुटानीपिसानी हुँदा स्वाद फरक परेको हो।" अहिले खेतीपाती गर्न खर्चिलो भएको उहाँ बताउनुहुन्छ। लगानीअनुसारको प्रतिफल हुन छाडेपछि जग्गा बाँझै राखेर बजारबाट चामलको बोरा ओसार्ने क्रम बढ्दै गएको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, "भकारीको धान निकाल्नु भन्दा बजारको बोरा बोक्न सजिलो मान्छन् मानिसहरु। दुःख किन गर्छन् र ?"

आफ्नै खेतबारीमा उत्पादन भएको धान किनेर खानुपर्ने अवस्था आएको बताउँदै उहाँ भन्नुहुन्छ, "अधियाँ गर्ने मान्छे पाइँदैन। खेत बाँझै रहन्छ। आफ्नो खेत ठेक्कामा दिएर उत्पादन भएको धानलाई बजारबाट किनेर चामल खानु परेको छ।"विगतमा मङ्सिरे धान मात्रै ७० देखि ८० मुरी धान उत्पादन गर्ने उहाँले केही वर्षदेखि आफूले खेती गर्न नसकेको बताउनुहुन्छ।

व्यास नगरपालिका-७ का ८० वर्षीय इन्द्रबहादुर शाहीले उत्पादन गर्न नसकेपछि बजारको चामल किनेर खानुपर्ने अवस्था आएको बताउनुभयो। "खेतीपाती गर्न सकिदैन। छोराछोरी बजार झर्ने र विदेश जाने गर्दा खेतीपाती गर्दैनन्। भएको जग्गाजमिन बाँझो छ र किनेर बजारको चामल खानुपर्ने बाध्यता भएको छ," शाहीले भन्नुभयो। बजारबाट किनेको चामलको मूल्य भन्दा उत्पादन लागत बढी हुने हुँदा पनि युवा पुस्ताले चासो दिन छाडेको उहाँको भनाइ छ।

कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले धान उत्पादन बर्सेनि घट्दो क्रममा रहेको बताउनुभयो। "धान उत्पादन लागत बर्सेनि वृद्धि हुन्छ तर धानको मूल्य वृद्धि नहुँदा धान खेतीमा युवाको चासो छैन," उहाँले भन्नुभयो। जिल्लामा जमिन बाँझिने क्रम बढ्दै गएको तिवारीले बताउनुभयो। "जबसम्म स्थानीय, प्रदेश र सङ्घ सरकारले जमिन बाँझो राख्न नपाउने नीति निर्माण गर्दैनन्, तबसम्म बाँझो जमिन बढ्दै जान्छ।

चालू आर्थिक वर्षमा तनहुँमा धान उत्पादन वृद्धि हुने भएको छ। धान फुल्ने समयमा वर्षा भएकाले उत्पादन बृद्धि भएको वरिष्ठ कृषि विकास अधिकृत तिवारीले बताउनुभयो। "गत वर्षको तुलनामा यसवर्ष धान उत्पादन वृद्धि हुने अनुमान गरेका छौं", उहाँले भन्नुभयो। गत वर्ष आठ हजार सय २० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३२ हजार आठ सय २४ मेट्रिकटन धान उत्पादन भएको थियो। यसवर्ष उत्पादन क्षेत्र केही वृद्धि भएको उहाँले बताउनुभयो।

यसवर्ष आठ हजार सात सय ३० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३३ हजार आठ सय ४० मेट्रिकटन धान उत्पादन हुने अनुमान गरिएको तिवारीले बताउनुभयो। उत्पादन वृद्धि भए पनि पकेट क्षेत्रकै किसानले धान किनेर खानुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो।

**कृषि पेसाबाट विमुख**

कृषि पेसामा लागत वृद्धि हुने क्रम रहेकाले यसबाट विमुख हुने किसान बढ्दै गएका छन्। आफैँले उत्पादन गर्नुभन्दा किनेर चामल खान लागत कम पर्ने भएपछि दुःख गर्न युवा नचाहने बताइएको छ। धान उत्पादनका लागि धेरैखर्च बढ्दा विदेशबाट आयातित चामल किनेर खान किसानले नै थालेको व्यास नगरपालिका-८ बर्लाचीका ७२ वर्षीय अगुवा व्यक्ति दिनानाथ लम्साल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पुरानो परम्परागत खेतीपाती गर्ने प्रचलन छैन।"

स्थानीय उत्पादित मल, बीउ हराएको र पूर्ण रुपमा आयातित मल, बिउबिजन हुने भएकोले उत्पादन राम्रो भएको देखिने गरेको उहाँले बताउनुभयो। धेरै देखिए पनि दीर्घकालसम्मलाई अन्न नपुग्ने गरेको लम्साल बताउनुहुन्छ। तराई क्षेत्रमा जस्तो कामदार यहाँ नपाइने उहाँ बताउनुहुन्छ। रासायनिक मलको प्रयोगले माटो बिग्रने र उत्पादन घट्ने किसानको बुझाइ छ। विगतमा तनहुँ करिब धान उत्पादनमा आत्मनिर्भर रहेको मात्र होइन, अन्यत्र निर्यात समेत हुने गरे पनि हाल आयात हुने गरेको छ। व्यास नगरपालिकाअन्तर्गत साँगेफाँट, रिस्तीफाँट, सेरा, गजौडे, माझफाँट, सिसाघाट, सत्रसय, घाँसीकुवा, भानु नगरपालिकाको चुँदीफाँट, बाइसजागर, आँबुखैरेनी गाउँपालिकाको ढापटार, बन्दीपुर गाउँपालिकाको याम्पाफाँट, सत्रसयफाँट धान उत्पादनको राम्रा क्षेत्र हुन्।

त्यस्तै देवघाट गाउँपालिकाको बेटार, म्याग्दे गाउँपालिकाको गुणादी, अकलाफाँट, शुक्लागण्डकी नगरपालिकाको फिर्दीफाँट, क्यान्दीफाँट, मान्द्रेफाँट, भिमाद नगरपालिकाको डुम्रीबेँसी, बुढुवाफाँट, बैडीफाँट, घिरिङ गाउँपालिकाको अत्रौलीफाँट, पुड्वारफाँट, ऋषिङ गाउँपालिकाको पिपलटारफाँटलगायतका क्षेत्रमा धान उत्पादन हुन्छ। धान उत्पादन हुने यी क्षेत्रमा अहिले बस्ती विस्तारसँगै घडेरीका रुपमा खण्डीकरण गर्ने, बाँझो राख्ने क्रमले उत्पादन घट्दै गएको छ।रासस

# त्रिशुली नदीमा अन्तर्राष्ट्रिय 'हिमालयन ह्वाइटवाटर च्यालेन्ज' हुने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एशोसिएशन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा)को आयोजनामा त्रिशुली नदीमा २० औं अन्तर्राष्ट्रिय जल खेलकुद प्रतियोगिता गर्दै हुने भएको छ। 'जल क्षेत्रबाट मुलुकको पर्यटन प्रवर्द्धन गर्ने' नारासहित यही मंसिर ११ गतेदेखि १३ (नोभेम्बर २७, २८ र २९) गतेसम्म त्रिशुली नदीमा 'हिमालयन ह्वाइटवाटर च्यालेन्ज' प्रतियोगिता हुन लागेको नाराले जनाएको छ। उक्त प्रतियोगितामा दुई सयभन्दा बढी खेलाडीहरूको सहभागी हुनेछन्। प्रतियोगितामा 'कायक डाउन, रिभर रेश, कायक सेलम, बोस्टर क्रस र फ्री स्टाइल काइकिङ' गरिने नाराका अध्यक्ष शिव अधिकारीले जानकारी दिए।



उनकाअनुसार जल यात्रा व्यवसायमा संलग्न रिभर गाइड तथा जल खेलाडीको सीप र दक्षता वृद्धिका लागि हरेक वर्ष यो प्रतियोगिता हुँदै आइरहेको छ।

'कोरोना महामारीले सबैभन्दा बढी प्रभावित बनेको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थान गर्ने उद्देश्यले हिमालयन ह्वाइटवाटर च्यालेन्ज प्रतियोगिता गर्न लागिएको हो,' उनले भने, 'नेपालको पर्यटन उद्योगको प्रमुख स्रोतमध्ये साहसिक जल पर्यटन पनि एक हो। यसको विकास र विस्तारका लागि हामीले सन् २००२ देखि नेपालमा उक्त प्रतियोगिता आयोजना गर्दै आएका छौं।' साहसिक खेल पर्यटनको लागि नेपाल विश्वको सबभन्दा उत्तम गन्तव्यस्थल हो। अध्यक्ष अधिकारीकाअनुसार र्‍याफटिङ एवम् कायकिङको लागि विश्वका प्रमुख १० नदीमध्ये नेपालका तीनवटा नदी सुनकोशी पहिलो स्थानमा, कर्णाली पाँचौं र भोटेकोशी सातौं स्थानमा पर्छ।

# याक तथा चौरीको उत्पादनलाई बजारीकरण गर्न स्विस सरकारले सहयोग गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । सोलुखुम्बु जिल्ला स्तरीय याक तथा चौरीको उत्पादनलाई प्याकेजिङ र बजारीकरणको लागि कार्यक्रम सञ्चालन गर्न स्विस सरकारको सहयोगमा (सहज च्यालेन्ज फन्ड राउण्ड २) सँगको सहकार्य हुने भएको छ।

स्विस सरकारको सहयोगमा प्रदेश नं १ अन्तर्गत सञ्चालित नेपाल कृषिबजार विकास कार्यक्रम (एनएएमडिपी) ले सहज चेलेन्ज फन्ड राउण्ड २ कार्यक्रम मार्फत सोलुखुम्बु जिल्ला स्तरीय याक तथा चौरी उपज संकलन, प्याकेजिङ र बजारीकरणको लागि कार्यक्रम सञ्चालन गर्न याक तथा चौरी व्यवसायी संघ नेपाल सोलुखुम्बुको प्रस्ताव अन्तिम छनोटमा परेको छ।



प्रदेश नं १ अन्तर्गत दुग्धजन्य वस्तुको प्याकेजिङ र बजारीकरणमा नवीनतम खोजी गर्ने क्रममा प्रदेश भित्र दुग्धजन्य उत्पादनमा संलग्न संघ संस्था र फर्महरू मार्फत नवीन सोच सहित प्रस्ताव आव्हान गरिएको थियो।

प्राप्त १५० प्रस्तावबाट उत्कृष्ट नवीनतम सोच सहितको १० प्रस्ताव भित्र संघको प्रस्ताव छनोटमा परेको हो। विश्वको उच्च पर्वतीय क्षेत्रमा औषधिजन्य वनस्पति सेवन गरी उत्पादन भइरहेको याक र चौरीको नौनी र छुर्पीको संकलन, प्याकेजिङ र बजारीकरणको लागि सहज च्यालेन्जमार्फत संघले विविध क्षेत्रमा सहयोग प्राप्त गर्नेछन्। हिमाली क्षेत्रको पुर्ख्यौली तथा बहुउपयोगी याक र चौरीपालन पेशा पुस्तान्तरणसँगै संकटमा रहेको सन्दर्भमा कृषकको उत्पादनलाई उपयुक्त मूल्य सहित जिल्लाको एक कोशेलीको रूपमा ब्रान्डिङ गर्ने संघले जनाएको छ। यस कार्यक्रममा मार्फत जिल्ला भरिका सम्पूर्ण याक तथा चौरी कृषकको मागमा आधारित रहेर नौनी घिउ प्रशोधनको लागि हाते मेसिन वितरण, दुग्धजन्य वस्तुको उत्पादनमा सरसफाई सम्बन्धी तालिम सञ्चालन, इतिहासमा पहिलो पटक याक र चौरीबाट उत्पादन हुने नौनी, छुर्पी र सूर्माको औषधिय गुण (मेडिसिन भ्यालु) पत्ता लगाई दस्तावेज तयार गर्न अनुसन्धान गरिने भएको छ। साथै जिल्ला भित्रको सम्पूर्ण कृषकले उत्पादन गरेको घिउ र छुर्पी याक तथा चौरी व्यवसायी संघले संकलन गरी ब्रान्डिङ सहित जिल्लाको विभिन्न स्थानहरूमा कोशेली घर सञ्चालनमा ल्याउने योजना रहेको बताइएको छ।


प्रदेश सरकार

मधेश प्रदेश

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

माटो तथा मल परीक्षण प्रयोगशाला

राजविराज, सप्तरी (नेपाल)

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी पुनः ७ दिने सूचना**

दोश्रो पटक प्रकाशित मिति : २०७९/०८/०५

यस कार्यालयको मल विश्लेष्क करार सेवामा पदपुर्ति सम्बन्धी १५ (पन्द्र) दिने सूचना, जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७९/०७/०२ गते पृष्ठ ७ मा दरखास्त आव्हान सम्बन्धी सूचना गरिएकोमा १ वटा मात्र दरखास्त पर्न आएको तथा निर्वाचन अचारसंहिता उक्त अवधीमा लागु भएको करणले पदपुर्ति कार्य स्थकित गरिएको साथै पुनः ७ (सात) दिने दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला।

नि. कार्यालय प्रमुख



आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निवार्चनको क्रममा जम्काभेट हुँदा धनुषा निवार्चन क्षेत्र नम्बर ४ का प्रतिनिधिसभाका उम्मेदवारद्वय महेन्द्र यादव र रघुवीर महासेठ साथै प्रदेशसभा सदस्यका उम्मेदवार शेष नरायण यादव । *तस्विर : टुडे*

# नेकां केन्द्रीय सदस्य यादव अर्न्तघातमा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका पहिलो राष्ट्रपति डा. रामवरण यादवका छोरा तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य चन्द्रमोहन यादवले पाँच दलीय गठबन्धन संग अर्न्तघात गरेको आरोप लगाइएको छ ।

पाँच दलीय गठबन्धनका तर्फवाट प्रतिनिधिसभाका उम्मेदवार कांग्रेसका सह-महामन्त्री महेन्द्र यादव तथा प्रदेश सभा सदस्यका उम्मेदवार शेषनारायण यादवलाई सहयोग गर्नुको साटो आफ्नो प्रभावमा रहेका मत एमाले-जसपा गठबन्धनका उम्मेदवार रघुवीर महासेठ र ज्ञानेन्द्र यादवलाई मत ऋस गराएको आरोप लगाइएको छ । चन्द्र मोहनले प्रतिनिधिसभामा उम्मेदवारी दिने तयारी रहेको तर, पार्टीले टिकट नदिएपछि उनले बागी भएर उम्मेदवारी दिने तयारी समेत थालेका थिए ।

पार्टीवाट असन्तुष्ट भएका चन्द्रले आफ्नै उम्मेदवारको मत ऋस गराउँदा उनीमाथि कारवाहीको समेत कुरा कांग्रेसका नेताहरुले गर्न थालेका छन् । चन्द्रमोहन गत प्रतिनिधिसभाको निर्वाचनमा समेत उम्मेदवार बन्ने चर्चा चलेपनि अन्तमा उनलाई प्रदेशको उम्मेदवार बनाइएको थियो । तर, यस पटक भने उनले प्रतिनिधिसभाको टिकट माग्दा प्रदेश सभा पनि नपाएपछि आफ्नो प्रभावमा रहेको लक्ष्मीनिया गाउँपालिका-४ आफ्नो गाउँ सपही, जनकपुरधाम उप-महानगरपालिका १९ (जमुनिया, थुमौना र सिहपुर) का मत एमाले जसपाका उम्मेदवार महासेठ र जसपाका उम्मेदवार ज्ञानेन्द्र यादवलाई दिन मतदाताहरुलाई सुझएका थिए ।



आइतवार सम्पन्न प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नम्वर ४ वाट प्रतिनिधिसभामा पाँच दलीय गठबन्धनका उम्मेदवार महेन्द्र यादव र प्रदेशका उम्मेदवार शेषनारायण यादव जित्ने प्रवल सम्भावना रहेपनि चन्द्र मोहनको क्रियाकलापले कांग्रेसी बदनाम हुन सक्ने स्थानीयहरुको भनाई थियो ।

**पूर्व राष्ट्रपतिले गरेन मतदान**

नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले आइतवार सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा मतदान गरेका छैनन् । गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा उनले आफ्नो पैत्रिक गाउँ लक्ष्मीनिया-४ सपहीमा मतदान गरेका थिए तर, आइतवार सम्पन्न निर्वाचनमा उनले मतदान गरेनन् । स्रोतका अनुसार पूर्व राष्ट्रपति यादवका पुत्र चन्द्रमोहन यादवले प्रतिनिधिसभा सदस्यको टिकटकालागि दावी गरे तर प्रदेशसभामा समेत टिकट नपाएपछि उनी पार्टीवाट अत्यन्त असन्तुष्ट छन् । पूर्व राष्ट्रपति यादव पार्टीका महामन्त्री हुँदा उनलाई पार्टीले राष्ट्रपतिका उम्मेदवार बनाएर बिजयी बनाएका थिए । तर, अहिले उनले आफ्नो छोराले टिकट नपाउँदा मतदान समेत नगरेपछि उनको आलोचना समेत गरिएको थियो ।

पूर्व राष्ट्रपति डा. यादवका छोरा चन्द्र मोहन र भतिजि किरण यादव सक्रिय राजनीतिमा छन् । चन्द्रमोहन धनुषाको निर्वाचन क्षेत्र नम्वर ४ मा छन् भने भतिजि महोत्तरी निर्वचन क्षेत्र नम्वर २ वाट सक्रिय राजनीतिमा छन् । तर, गठबन्धन र नेताहरुको सिट बाँडफाँटमा नत चन्द्रमोहन नत किरणले टिकट पाएकी छन् । महोत्तरी २ वाट पाँच दलीय गठबन्धनका एक घटक लोसपाले टिकट पाएपछि त्यहाँ शरत सिंहलाई उम्मेदवार बनाइए पछि किरण पनि असन्तुष्ट छन् । पूर्व राष्ट्रपति यादवले छोरा र भतिजिलाई पार्टीले टिकट नदिएपछि पार्टी पंत्ती प्रति असन्तुष्ट हुँदै मतदान समेत वहिस्कार गरेका छन् ।

# महोत्तरीका २६ जना कैदी बन्दीले गरे मतदान

**टुडे समाचारदाता**

जलेश्वर । प्रतिनिधिसभा सदस्यका लागि आइतबार भएको निर्वाचनमा जलेश्वर कारागारका २६ जना कैदीबन्दीले मतदान गरेका छन् ।

कारागार कार्यालय जलेश्वर महोत्तरी परिसरमै स्थापना गरिएको अस्थायी मतदान केन्द्रमा कैदीबन्दीले मतदान गरेको सहायक मतदान अधिकृत सञ्जय साहले जानकारी दिए ।



कैदीबन्दीले प्रतिनिधिसभा सदस्यका लागि समानुपातिकतर्फ मतदान गरेको सहायक मतदान अधिकृत साहले बताए ।

जलेश्वर कारागारभित्र कारागारमा रहेका २६ जनाले प्रतिनिधिसभा सदस्य पदका लागि समानुपातिक तर्फको मतपत्रमा गोप्य मतदान गरेका छन् ।

सहायक मतदान अधिकृत साहले भने,‘जलेश्वर कारागारमा स्थापना गरिएको अस्थायी मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान प्रक्रिया सम्पन्न भएको छ ।’

कैदी जीवनयापन गरिरहेका कैदीबन्दीले पनि आफूले आफ्नो मताधिकार प्रयोग गर्न पाएकोमा खुसी भएका छन् ।

जलेश्वर कारागारमा सुरक्षार्थ खटिएका नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको जवानले पनि समानुपातिकतर्फ मतदान गरेको अधिकृत साहले बताए ।

# एकै मतदान केन्द्रमा बसेर महासेठले दिन बिताए

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका सचिव एवं धनुषा निर्वाचन क्षेत्र ४ का उम्मेदवार रघुवीर महासेठले एकै मतदान केन्द्रमा बसेर दिन बिताएका छन् ।

आइतबार उनी पाँच दलीय गठबन्धनका साझा उम्मेदवार तथा नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादवको गाउँमा करिव पाँच घण्टा बसेका थिए ।

लक्ष्मीनियाँ गाउँपालिका - ३ बनिगमास्थित दीप दलित प्राथमिक विद्यालय मतदान केन्द्रमा महासेठ दिनभरि नै बसेको स्थानीय बताए । यादवले मतदान केन्द्रमा धाँधली गर्नसक्ने भयका कारण उनी दिनभरि बसेको बताइएको छ । यी गाउँमा पाँच दलीय गठबन्धनको समर्थक बढी रहेको र सो कारण मतदान शान्तिपूर्ण नहुने भयले उनी दिनभरि बसेका थिए ।

मतदान केन्द्रमा दुबै उम्मेदवार धैरै समय बसेको तस्विर सामाजिक सञ्जालमा धैरै जनाले राखेका छन् । सामाजिक सञ्जाल प्रयोगकर्ताहरुले विभिन्न टिकाटिप्पणी पनि गरिरहेका छन् । कतिपयले सकारात्मक रुपमा पनि लिएका छन् ।

# धनुषामा गणना रातिदेखि नै सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा मतगणना आइतबार रातिदेखि नै सुरु गर्ने निर्वाचन आयोगले जनाएका छन् । आइतबार सम्पन्न निर्वाचनको मतपेटिका गणना स्थलमा पुगेपछि रातिदेखि नै गणना सुरु हुने भएको छ ।

चारै निर्वाचन क्षेत्रबाट आइतबार रातिदेखि नै मतदान हुने प्रमुख निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिए । उनका अनुसार धनुषा निर्वाचन क्षेत्र ३ को गणना जनकपुरधामस्थित महेन्द्र नारायण निधि भवनमा, निर्वाचन क्षेत्र ४ को महेन्द्रनगरमा, निर्वाचन क्षेत्र २ को औरहीमा र निर्वाचन क्षेत्र १ को गणना धनुषाधाम १ बाट गणना हुने छन् ।

‘धनुषामा सबै निर्वाचन क्षेत्रको मत गणना आइतबार रातिदेखि नै सुरु हुन्छ,’उनले भने,‘मतपेटिका गणना स्थलमा पुगेपछि गणना सुरु गर्ने हामीले तयारी गरेका छौं ।’ मतगणना स्थलमा सुरक्षा व्यवस्था कडा बनाइएको छ । बासको र फलामको घेरा हालिएको छ । सिसि क्यमरा पनि जडान गरिएको छ । सर्मथकहरुलाई सुन्नको लागि हर्न माइक र साउण्ड बक्सको व्यवस्था गरिएको छ ।

# चार जना फर्जी मतदाता पक्राउ

**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीको गौशालास्थित एक मतदान केन्द्रबाट चार जना फर्जी मतदाता पक्राउ परेका छन् ।

निगौल मतदान केन्द्रमा अन्य मतदाताको नाममा मतदान गर्न आएका सात जनालाई प्रहरीले पक्राउ गरेको जनाइएको छ ।

परिचयपत्र विना आएका ती व्यक्तिलाई सोधपुछ गर्दा अन्य व्यक्तिको नाममा मतदान गर्न आएको भनेपछि नियन्त्रणमा लिइएको प्रहरी निरीक्षक रन्जन मिश्रले जानकारी दिए ।

उनीहरूलाई इलाका प्रहरी कार्यालय गौशालामा राखेर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । पक्राउ परेका व्यक्तिको नाम भने प्रहरीले खुलाएका छैनन् । पक्राउ पर्नेहरू सवै गौशालाका स्थानीय युवा छन् ।

# सप्तरीमा शान्तिपूर्ण मतदान

**टुडे समाचारदाता**

राजविराज । प्रतिनिधिसभा र प्रदेशसभाका लागि आइतवार भएको निवार्चनमा छिटपुट घटना वाहेक शान्तिपूर्ण मतदान सम्पन्न भएको छ ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार ६१ प्रतिशत भन्दा वढी मत खसेको छ । जिल्लामा तोकिएको ५ सय ३६ मतदान केन्द्रमा विहान ७ वजेदेखि अपरान्ह ५ वजे सम्म मतदान भएको थियो ।



कुल ४ लाख १८ हजार ३ सय ७४ मतदाता रहेको जिल्लामा करिब २ लाख ५५ हजार २ सय ८ मतदान भएको निर्वाचन कार्यालयको प्रारम्भिक अनुमान छ ।

यद्यपि रुजु गर्ने काम भइरहेकाले यकिन संख्या सोमबार मात्र भन्न सकिने जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए । उनले जिल्लाको छिन्नमस्ता र रुपनी गाउँपालिकामा मतदानस्थल बाहिर दुई दलका समर्थकबीच कुटपिटको घटना बाहेक निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको जनाएका छन् ।

गत स्थानीयतहको निर्वाचनमा जिल्लामा ६३ प्रतिशत मत खसेको थियो । तर, ससंदीय निर्वाचनमा उक्त प्रतिशत पुग्न नसकेकोले स्थानीयतह जस्तो उत्साह नदेखिएको निर्वाचनमा खटिएका कर्मचारी र पर्यवेक्षकहरुले बताएका छन् ।

जिल्लामा ४ प्रतिनिधिसभा र ८ प्रदेशसभा सदस्यका लागि मतदान भएको छ । जिल्ला निर्वाचन अधिकारी जोशीले मतपेटिका समबन्धित मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालयमा ल्याउने काम भइरहेको छ ।

उनले सबै मतपेटिका संकलन भइसकेपछि आवश्यक प्रक्रिया पूरा गरी सम्भवत सोमवार विहान ८ वजेदेखि मतगणना शुरु गर्ने तयारी रहेको जनाएका छन्।

मतपत्रको बक्सामा कसको पल्ला भारी होला ? भन्ने आंकलन नगर र गाउँमा निकै चर्चा हुन थालेको छ । सम्पन्न प्रतनिधिसभा र प्रदेशसभा निर्वाचनमा कसले कति मत प्राप्त गर्लान भनेर नेता, व्यापारी, किसान तथा विभिन्न क्षेत्रका व्यक्ति चुनावी आंकलनमा रमाएका छन् ।

मतपेटिका राखिएको ठाउँमा अहिले निगरानी कडा पारिएको छ । सुरक्षाकर्मीको बाक्लो उपस्थिति रहेको मतपेटिका संकलन गरी राखिएको स्थानमा सीसी क्यामराले समेत निगरानी गरिएको छ ।

# रौतहटमा ६५ प्रतिशत भन्दा बढ़ी मतदान

**राकेश यादव**

रौतहट । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा सहभागी भएका २०७ जना उम्मेदवारको भविष्य मतपेटिकामा बन्द भएको छ ।

जिल्लामा रहेको ५२३ मतदान स्थल मध्ये २ मतदान स्थलमा सामान्य विवाद भए पनि मतदाताहरुले निर्धक्क रुपमा आफ्नो मत प्रयोग गर्न पाएको प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाहीले जानकारी दिएका छन ।

गुजरा नगरपालिका ४ प्रावि कनकपुरमा प्रहरीले १ राउण्ड तथा गरुडा नगरपालिकाको वड़ा नम्बर ६ अमरपट्टीमा भएको विवादलाइ नियंत्रणमा लिन २ राउण्ड हवाई फायर गरेको प्रहरी उपरीक्षक वीर बहादुर बूढ़ामगरले जानकारी दिएका छन । जिल्लामा करीव ६५ प्रतिशत भन्दा बढ़ी मतदान भएको जिल्ला निर्वाचन कार्यालय रौतहटका निर्वाचन अधिकारी छोटेलाल दासले बताएका छन ।

मतपेटिका ल्याउने कार्य जारी रहेको हुँदा यकीन गर्न सकिने अवस्था नरहेको उनले बताए । निर्वाचनमा क्षेत्र नम्बर १ को प्रतिनिधिसभामा १५ जना पुरुष २ जना महिला गरी १७ जना उम्मेदवार छन ।

प्रदेशसभा ‘क’ मा २९ जना पुरुष र २ जना महिला गरी ३१ जना , प्रदेश सभा ख मा १७ जना पुरुष र १ जना महिला गरी १८ जना उम्मेदवार छन ।

निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधिसभामा १३ जना पुरुष र प्रदेश सभा ‘क’ मा १२ जना पुरुष १ जना महिला र प्रदेशसभा ‘ख’ मा १५ जना पुरुष गरी ४१ जना उम्मेदवार छन । क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभामा १९ जना पुरुष , प्रदेशसभा ‘क’ मा १५ जना पुरुष २ जना महिला र प्रदेश सभा ख मा ९ जना पुरुष गरी ४५ जना उम्मेदवार तथा क्षेत्र नम्बर ४ को प्रतिनिधिसभामा १६ जना पुरुष २ जना महिला , प्रदेशसभा ‘क’ मा १२ जना पुरुष १ जना महिला तथा प्रदेशसभा ‘ख’ मा २३ जना पुरुष र १ जना महिला गरी ५५ जना उम्मेदवार छन्।

चारै निर्वाचन क्षेत्रको मतगणना सम्वन्धित निवाचन क्षेत्र मा नै हुने मुख्य निर्वाचन अधिकृत मातृका प्रसाद मरासेनीले जनाएको छ। रौतहट निर्वाचन क्षेत्र नम्बर १ को मतगणना रातिबाट शुरू गरिने तयारी गरिएको छ । मतगणना गौर स्थित जुद्ध उच्च माध्यमिक विद्यालयमा हुने छन । मतगणना स्थलमा सुरक्षा व्यवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी शाहीले जनाएका छन् ।

# महतोले सर्लाहीबाट गरे मतदान



**टुडे समाचारदाता**

मलंगवा । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले मतदान गरेका छन्।

महतोले आफ्नो गृह जिल्ला सर्लाहीको चन्द्रनगर गाउँपालिका-२ मा स्थित श्री दुर्गा खोभारी जनता उच्च माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा मतदान गरेका छन् ।

सन् २०७४ को निर्वाचनमा धनुषा-३ बाट निर्वाचित भएका महतो यसपालि सर्लाही-२ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार छन्।

# मधेशमा २० राउण्ड हवाई फायर

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा र प्रदेशसभाको निवार्चनमा मधेश प्रदेशको ६ ठाउँमा सामान्य विवाद भएको छ । रौतहटको तीन, सिरहा, सप्तरी र धनुषाको एक/एक मतदान केन्द्रमा विवाद भएको थियो ।

यी ठाउँमा भएको दुई पक्षीय विवादलाई नियन्त्रणमा लिन सात राउण्ड हवाई फायर गरिएको मधेश प्रदेश प्रहरीका प्रहरी उपरीक्षक सुमन तिमल्सिनाले जानकारी दिए ।

उनका अनुसार धनुषा र सप्तरीमा विवाद भए पनि हवाई फायरको स्थिति आएनन् । तर रौतहटको दुई र सिरहाको एक मतदान केन्द्रमा विवादलाई नियन्त्रणमा लिन सात राउण्ड हवाई फायर गरिएको थियो ।

रौतहटको गुजारा नगरपालिका ४ र गरुडा नगरपालिका ६ अमारखानाको स्थित नियन्त्रणमा लिन दुई/दुई राउण्ड हवाइ फायर गरिएको थियो । पछि सर्वपक्षीय बैठकबाट सहमति भएर निर्वाचन सम्पन्न भएको छ ।

गजुरामा मतदान केन्द्रको बाहिर पाँच दलीय गठबन्धन र नेकपा एमाले-जसपा गठबन्धनका कार्यकर्ताबीच झडप भएको थियो । विवादकै बेला एक समूह मतदान केन्द्रमा प्रवेश गर्न खोजेपछि हवाई फायर गरिएको थियो । यस्तै, अमारखानामा पोलींग एजेन्टहरुबीच विवाद भएको थियो । मत पेटिका सार्ने विषयमा विवाद भएको थियो ।

गुजारा नगरपालिका वडा नम्बर ६ लक्ष्मीनिया टोलमा दुइ पक्ष बीच विवाद हुदा प्रहरीले १३ राउण्ड हवाई फायर गरेको छ । मतदान भई रहेको बेला बेलुकी ४ बजेको समयमा सामान्य विवाद भएपछि मत पेटीका ल्याई सके पछि पुनः दुइ पक्षबीच झड़प भएको प्रहरीले जनाएको छ । स्वतन्त्रबाट उम्मेदवारी दिएका बसरुदिन अन्सारी र ओम प्रकाश जैसवालको समर्थकबीच विवाद हुदा १३ राउण्ड हवाई फाएर गरिएको प्रहरी उपक्षिक बिर बहादुर बुढा मगरले जानकारी दिएका छन् ।

धनुषाको कमला नगरपालिका ६ धनुषाको कमला नगरपालिका ६ बिलट बौकु मा वि माडनको मतदान केन्द्रमा पनि विवाद हुँदा मतदान रोकिएको थियो । ‘ख’ मतदान केन्द्रमा सुरुमा प्रतिनिधिसभाका मतपत्र नदिएर प्रदेशसभाको मतपत्र दिँदा विवाद भएको थियो । त्यतिबेला ७० वटा मत मात्रै खसेको थियो । यहाँ करिव दुई घण्टा मतदान रोकिएको थियो । मतदानमा ढिलाई हुन थालेपछि सुरक्षाकर्मीको पहलमा सर्वदलीय बैठकबाट सहमति भएपछि पुनः मतदान सुरु भएको थियो ।

यस्तै, सप्तरीमा पनि धनुषा जस्तै समस्या उत्पन्न भएपछि मतदान रोकिएको थियो । राजविराज नगरपालिका ११ स्थित स्वास्थ्यचौकी मतदान केन्द्र ‘क’ मा पनि प्रतिनिधिसभातर्फको मत पत्रको ठाउँमा प्रदेश सभाको मत पत्र दिइएको पाइएपछि झण्डै डेढ घण्टा मतदान रोकिएको थियो । त्यतिबेला ३९ जनाले मतदान गरिसकेका थिए । पछि मतदान अधिकृतहरुले सर्व पक्षीय बैठकमा अधिकृतले गल्ती स्वीकार गरेपछि मतदान सुरु भएको थियो । त्यसपछि शान्तिपूर्वक नै मतदान सम्पन्न भएको छ ।

**धुम्रपान नगरौं, स्वस्थ जीवन बााचौं**

- धुम्रपानलेमुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफ्, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्‍याउँछ ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८